CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र वाशिष्ठ वेदान्त-रहस्य



ब्रह्मनिष्ठ डॉ० क्षितीशचन्द्र चक्रवर्ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाङ्कर वाशिष्ठ वेदान्त-रहस्य

(अखिल अद्वैत विश्वविद्यालय नेपालको
• पाँचौं वर्षको पाठ्य पुस्तक)

लेखक
श्रोत्रिय ब्रह्मनिष्ठ डॉ० क्षितीशचन्द्र चक्रवर्ती
एम० ए० डी० फिल० वी० एल०
संस्थापक—अद्वैत संस्था
कुलपति—अखिल अद्वैत विश्वविद्यालय, नेपाल

प्रकाशिका
जमुना देवी
अद्वैत संस्था शाखा
तल्लागवादी घोराली, गुल्मी (नेपाल)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

- प्रकाशिका : जमुना देवी
  अद्वैत संस्था शाखा
  तल्लाग्वादी घोराली, गुल्मी (नेपाल)

- श्रावण शु० पूर्णिमा (ऋषितर्पणी)
  वै० सं० २०३०

- प्रथम संस्करण : १००० प्रति

- सर्वाधिकार : अद्वैत संस्था नेपाल

- मूल्य : २।५०

- मुद्रक :
  श्री माहेश्वरी प्रेस,
  भाट की गली (गोलघर), वाराणसी-२२१००१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समर्पण

ईश्वर, गुरु, बाबु-आमा एवं गरीब जनता, दाजु-भाई, दिदी-बहिनीहरू प्रति महान् श्रद्धा-भक्ति र अगाध प्रेम गर्नु हुने परोपकारी, आस्तिकताका मूर्ति परमपूज्य स्वर्गीय पतिदेव श्रीदधिराम उपाध्यायको पुण्य स्मृतिमा पुत्र दीनानाथ, ज्ञानेश्वर (देवेश्वर) सरस्वतीको प्रेरणाबाट परमाराध्य श्रीगुरुदेव क्षितीशचन्द्र चक्रवर्तीज्यू द्वारा लिखित यो अनमोल ग्रन्थ-रत्न प्रकाशित गरी संसार सागर तारक अद्वैत संस्था नेपाललाई समर्पण गरेकी छु। **"त्वदीयं वस्तु गोविन्द ! तुभ्यमेव समर्पये"** यस्तो सौभाग्य प्रदान गर्ने श्रीगुरुदेवमा हार्दिक कृतज्ञता र वन्दना टक्क्याउँछु।

—प्रकाशिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आशीर्वचन

अद्वैत संस्थाका भक्तहरूबाट प्रकाशित पुस्तक पुस्तिकाहरूको विशेषता यो हुन्छ कि तिनीहरूमा सम्पूर्ण द्वैत प्रपञ्चको श्रुति, युक्ति र विद्वानको अनुभूति द्वारा निरसनपूर्वक केवल परिशिष्ट स्वयं प्रकाशमान अद्वैत निजी स्वरूपको प्रतिपादन गरिन्छ। प्रसंगले ईश्वर तत्व र मनुष्यको प्रारब्धमा अधिष्ठित भएको ईश्वर स्वरूपको निरूपण पनि उपलब्ध हुन्छ। ईश्वर स्वरूपको निरूपण हो केवल द्वैत प्रपञ्चको आत्यन्तिक निरसनको लागि। यसरी जब निर्गुण ईश्वरको भक्तिपूर्वक जगत् निरस्त हुन्छ तब त्यो निरसनको अवधि रूपले ब्रह्मदेखि अभिन्न निर्गुण ईश्वररूप मुमुक्षुको आफ्नो वास्तव स्वरूप स्वयं प्रकट भइहाल्छ। यसप्रकार ब्रह्मको अभिव्यक्ति केवल निश्चल (अखण्डाकार) बुद्धिमा सम्भव हुन्छ।

अद्वैत संस्थाका भक्तहरू द्वारा प्रकाशित अद्वैत तत्वको प्रतिपादक पुस्तक पुस्तिकाको प्रकाशनमा मेरो हृदयबाट आशीर्वाद छ। यसप्रकार अद्वैत-विषयक पुस्तक प्रकाशनबाट भगवान् पशुपतिनाथ प्रसन्न भएर प्रकाशकको हृदयमा बसिराखेको पारमार्थिक अन्धकारलाई विनष्ट गरिदिनु हुन्छ र भक्त ईश्वर विज्ञानी बनिहाल्दछ।

क्षितीशचन्द्र चक्रवर्ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(वेदान्त-२७०)



ब्रह्मनिष्ठ पं० शिवराम पुरुषोत्तमानन्द
(डॉ० क्षितीशचन्द्र चक्रवर्ती एम. ए. डी.
फिल. वी. एल.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमिका

अद्वैत वेदान्तका महान प्रवर्तक आचार्य शङ्कर र वशिष्ठको मोक्ष-प्रणाली र प्रसंगवशात् प्राप्त अष्टावक्र र गौडपादाचार्यको सिद्धान्तलाई सुस्पष्टरूपले प्रदर्शित गरिएको यो लघु ग्रन्थ २०२४ साल चैत्र महिनामा काठमाडौं साप्ताहिक प्रवचनका लागि श्रीगुरुदेवबाट लेखिबक्सेको हो । यसका संक्षिप्त दुई पुस्तिका 'साक्षात्कार-रहस्यको सर्वतोमुखी विवेचन' र 'काठमाडौं भाषण-को रूप-रेखा' प्रकाशित भएकाछन् । ६ वर्ष सम्म यो अमूल्य रत्न अदृश्य थियो । यसलाई प्रकाशनमा ल्याउन श्रद्धेय सभापति गोविन्द-राम सरस्वतीज्यूबाट बराबर मलाई संकेत भैरहन्थ्यो, तर यो हुन सकेको थिएन ।

ऐले, मलाई प्रारम्भ देखि नै श्रीगुरुदेवको संगतमा जानलाई बराबर प्रेरणा र आशीर्वाद दिनुहुने अद्वैत संस्था र श्रीगुरुदेव प्रति महान आस्था र भक्ति राख्नुहुने भक्तिमती श्रीपूज्य आमा जमुना देवीज्यूबाट यो ग्रन्थ छाप्न मलाई काशी पठाउनुभो । ऐले सो काम पूरा भयो । यो काममा धेरै सहयोग गर्ने मेरा परम प्रिय शिष्य धर्मनिष्ठ प्रति साधुवाद दिन्छु । यस्तो पवित्र काममा अग्रसर हुन आशीर्वाद बक्सने श्रीगुरुदेवको पादारविन्दमा कोटिशः अभिवादन गर्दछु ।

श्रावण शु० पूर्णिमा २०३०
ब्रह्माघाट, वाराणसी

—ज्ञानेश्वर सरस्वती (देवेश्वर)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय-सूची

		पृष्ठ
१.	पहिलो दिन : परमार्थ हो अद्वितीय वस्तु	१
२.	दोस्रो दिन : आत्माको स्पष्ट अनुभ किन हुँदैन ?	७
३.	तेस्रो दिन : शास्त्र गुरुको उपदेश र आफ्नो अनुभव	१३
४.	चतुर्थ दिन : त्रिपुटीको मिथ्यात्व	१८
५.	पाँचौं दिन : अवर्णनीय सुखको अनुभव	२५
६.	छैठौं दिन : विचार द्वारा साक्षात्कार	२९
७.	सातौं दिन : विचार द्वारा साक्षात्कार	३६

परिशिष्ट

१.	चिठ्ठी	४३
२.	शुभकामना	४९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाङ्कर वाशिष्ठ वेदान्त-रहस्य

(काठमाडौं प्रवचन)

पहिलो दिन—परमार्थ हो अद्वितीय वस्तु

जो वस्तु स्वतः सिद्ध हो—सधैं सत् र प्रकाशमान हो—त्यो हो सर्वव्यापक र सर्वसाक्षी। त्यो परमात्म वस्तु परमेश्वर नै सारा प्राणीको हृदयमा जीव रूपले प्रवेश गरीकन सारा बुद्धि-वृत्तिको साक्षी रूपले अवस्थित भैरहेको छ। त्यसकारण त्यो परमात्मा नै हो सबैको वास्तव स्वरूप—आत्मा। जीव वास्तवमा परमात्मा देखि अलिकति पनि भिन्न होइन। त्यसको कारण यो हो कि जो स्वयं र सर्वदा प्रकाशमान भैरहेको छ, त्यो हो एक र अद्वितीय नै। त्यसकारण आत्मा हो सबैको वास्तव स्वरूप र सधैं अनुभव सिद्ध वस्तु, अनुभव हो एक अखण्ड वस्तु।

प्रश्न—यो अनुभव स्वरूपको अनुभव कसरी हुन्छ ?

उत्तर—बुद्धिपूर्वक जान्नुको नाम हो ज्ञान—जसबाट मोक्ष प्राप्ति हुन्छ। चित्तशुद्धिको लागि कर्म आवश्यक हुन्छ। शास्त्रविहित कर्महरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कार साधनबाट ज्ञानको उपाय स्वरूप हुन्छन् । ऐनालाई सफा तुल्याउनु जस्तो त्यसको मैलालाई हटाईकन प्रतिबिम्ब प्रतिफलनको कारण हुन्छ, त्यस्तै निष्काम कर्मानुष्ठान चित्तको मल र विक्षेप रूप चित्तको मैलालाई—प्रतिबन्धलाई—दूर गरीकन सामान्य आत्मज्ञान (संस्कार पूर्वक आफ्नो चैतन्य स्वरूपको अनुभव) उत्पन्न गरिदिन्छ । यो सामान्य आत्मज्ञानको उत्पत्ति (महुँ अकर्ता साक्षी स्वरूप यस्तो संस्कार द्वारा अनुभव) हो कर्मानुष्ठानको एकमात्र प्रयोजन । त्यस-कारण जसलाई यस्तो आत्मज्ञान भएको छ, त्यसको लागि कर्मानुष्ठान हो निष्प्रयोजन । जो मानिस नदीको तीरमा पुगेको छ, त्यो अभीष्ट ठाउमा जान स्वतन्त्र छ र जो डुँगाबाट पारी पुगेको छ त्यसले डुँगालाई परित्याग गर्दैन, यस्तो कहिले पनि हुँदैन ।

कर्मानुष्ठान यो जन्ममा नै गर्नु पर्दछ यस्तो नियम छैन । पूर्व जन्ममा अनुष्ठित कर्मको फलले वर्तमान जन्ममा (कर्मानुष्ठान विना) सम्यक् ज्ञान प्राप्त हुन सक्छ ।

सृष्टिकालमा कर्ममार्ग जस्तो विहित भएको छ, कर्मत्याग (कर्म संन्यास) मार्ग पनि त्यस्तै विहित भएको छ । यी दुइटाको भिन्न कर्म संन्यास नै हो श्रेष्ठ । महात्मा पुरुषहरू (शुद्धचित्त पुरुषहरू) सारा कर्म परित्याग गरीकन मोक्ष लाभ गर्छन् । त्यस परमात्म वस्तुलाई जानीकन नै मृत्युलाई अतिक्रम गरिन्छ । मुक्तिको (परम पद प्राप्तिको) अरू कुनै उपाय छैन ।

प्रश्न—मोक्षसिद्धिका लागि कर्मानुष्ठान किन अनुपयोगी हो ?

उत्तर—गुरुबाट उपदिष्ट अद्वैत आत्मज्ञानबाट नै मुक्ति मिल्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अद्वैत आत्मस्वरूपलाई सारा बुद्धिवृत्तिको साक्षी रूपले जानेपछि मानिस जन्म मरण रहित हुन्छ।

कर्मफल हो चार प्रकारको—(१) वस्तुविशेषको उत्पत्ति, (२) प्राप्ति, (३) विकार र (४) संस्कार। ब्रह्म स्वरूपमा अवस्थानको बारेमा यो कर्मफल संभावित छैन। जो वस्तु स्वभाव सिद्ध हो त्यसको सिद्धि (उपत्ति) साधन किम्वा उपाय द्वारा कोही पनि चाहँदैन। आत्मा हो स्वभाव सिद्ध वस्तु।

आत्माको प्राप्तिलाई साधन गर्नु पनि मुमुक्षुको उद्देश्य हैन, किनकि त्यो मुमुक्षुको आफ्नो स्वरूप भएको हुनाले त्यो हो नित्य, अविकारी, बुद्धिको अविषय र अमूर्त (अनुहार नभएको)। श्रुतिमा पनि भनिएको छ—आत्मा शुभ कर्मबाट बृद्धि प्राप्त हुँदैन। गीतामा पनि यो आत्मा हो विकाररहित (गीता २।२५) यस्तो वर्णित भएको छ।

परिशेषमा यो आत्माको मल हटाउनु रूप संस्कार साधन गर्नु पनि मुमुक्षुको उद्देश्य हुन सक्दैन। किनकि श्रुति भन्नु हुन्छ—आत्मा हो शुद्ध र पापशून्य। आफू देखि अभिन्न भएको हुनाले आत्मा संस्कारको योग्य होइन, किनकि एक वस्तुको संस्कार त्यो देखि भिन्न अरू वस्तुबाट नै सम्भव हुन्छ र यस्तो कुनै क्रिया छैन जो चाँही आत्मा देखि भिन्न हुन सक्ला। आत्माबाट आत्माको संस्कार गर्नुको इच्छा कोही पनि गर्दैन। यदि भन्छौ कि ब्रह्माण्डको बाहिर अवस्थित ब्रह्मलाई प्राप्त गर्नु हो मोक्ष, त्यसोभए यसप्रकारको प्राप्ति अनित्य नै हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसकारण जसलाई अकर्ता आत्मस्वरूपको ज्ञान उत्पन्न भएकोछ यस्तो शुद्धचित्त पुरुषको लागि कर्मानुष्ठान बन्दैन। त्यसैले जसको बाह्यबुद्धि (देहबुद्धि र कर्ताभाव) निवृत्त भैसकेको छ त्यसलाई गुरु र शास्त्रले स्वानुभवयुक्त ज्ञानको उपदेश दिनु हुन्छ।

प्रश्न—सारा बुद्धिवृत्तिको साक्षी कसलाई भन्छन् ?

उत्तर—सत् र प्रकाशमान आत्मालाई साक्षी भन्दछन्। आत्मा सदैव स्वयं प्रकाशित भैराखेको छ र आफूमा कल्पित भएका सारा बुद्धिवृत्तिलाई साक्षात् (वृत्तिव्यवधान विना) अपरोक्ष रूपले प्रकाश गरिरहन्छ। कल्पित प्रपञ्चको भित्र अन्तर्भूत नभएको हुनाले साक्षी हो कूटस्थ र नित्य।

प्रश्न—प्रकाश्य पदार्थ त प्रकाशक चैतन्य देखि भिन्न होला ?

उत्तर—चिन्मात्र स्वरूप आत्मा—माया परिणाम आदि सित सम्पर्कवशात्—प्रकाशक भनी कहिन्छ। यसैले असंग उदासीन कूटस्थ नित्य आत्मालाई बुध्दि आदिको प्रवर्तक किम्वा नियामक पनि भनिएको छ। तर मन प्रभृति हो सत्स्वरूप आत्मामा कल्पित। त्यसकारण तप्त लौह पिण्डको ताप र दाहशक्ति जस्तो अग्निको नै हुन्छ, त्यस्तै आरोपित मन प्रभृतिको सत्ता र स्फुरण हो अधिष्ठान शुध्द चैतन्य आत्मस्वरूपको आफ्नो सत्ता र प्रकाश। बुध्दि आदिको स्वाभाविक सत्ता छैन।

जस्तो रथ आदिमा सचेतन कोही अधिष्ठित भएमा नै रथ आदिको चल्नु संभव हुन्छ, त्यस्तै मन आदि अचेतन वस्तुको प्रवृत्ति (संकल्प

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदिरूप चेष्टा) सचेतन अधिष्ठाताको (आत्माको) प्रेरणाबाट नै संभव हुन्छ । मेरो मन अन्तै गएको थियो, त्यसकारण मैले देखिन यस्तो लौकिक अनुभवबाट सिद्ध हुन्छ कि मन हो एउटा इन्द्रिय र वत्ती झैं अचेतन ।

आत्मा असंग र नित्य प्रकाश स्वरूप भएको हुनाले त्यो हो मन आदिको प्रवृत्ति विषयमा निमित्त मात्र ।

प्रश्न—मन आदिको अधिष्ठाता हो चेतन यो कुरा साधारण रूपले वुझियो, तर त्यसको स्वरूपगत विशिष्टता के हो ? वताउनुहोस् ।

उत्तर—सारा विशेषता रहित चैतन्य स्वरूप आधिष्ठाता आत्मा हो इन्द्रिय, मन आदिको प्रवृत्तिको कारण । सबै प्रकारले निर्विकार र निर्विशेष भईकन पनि आत्मा हो मन आदिको प्रेरक ।

प्रश्न—यसलाई अझ स्पष्ट गरेर बताउनुहोस् ।

उत्तर—जसबाट सुनिन्छ त्यसलाई श्रोत्र भनिन्छ । शब्दलाई प्रकाश गर्नु नै हो श्रोत्रको सार्थकता । श्रोत्रको जो शब्द प्रकाशकता हो त्यो त्यसको आफ्नो सामर्थ्यबाट हैन, किनकि श्रोत्र हो अचेतन स्वरूप । आत्मा नै हो चैतन्य स्वरूप ।

सत्ता र प्रकाश हो आत्माको स्वरूप । सिपीमा जो चाँदी बुद्धि हुन्छ त्यो जस्तो चाँदीको आफ्नो होइन, त्यस्तै चैतन्यको सत्तामा नै जड श्रोत्रको सत्ता बन्दछ । श्रोत्रको शब्द प्रकाशता स्वाधीन रूपले सम्भव छैन । श्रोत्र हो अरू पदार्थ झैं दृश्य, त्यसकारण त्यो हो सर्वा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धिष्ठान, सच्चिन्मात्र आत्मामा आरोपित। श्रवणको साधन जो इन्द्रिय हो उसमा अधिष्ठान रूपले स्वप्रकाश चैतन्य स्वरूप आत्मा प्रवेश गरीकन उसलाई श्रवण साधन-सामर्थ्य प्रदान गरेको छ। अर्थात् सर्वान्तर स्वप्रकाश आत्मा द्वारा नै श्रवण इन्द्रिय शब्दलाई प्रकाशित गर्न समर्थ हुन्छ।

श्रोत्रको जो प्रकाशकता हो त्यो प्रकाशकताको हेतु हो आत्मा। जस्तो आगो नै तातो पानीको उष्णताको कारण भएकोले आगोलाई नै पानीको तप्तकर्ता (तातो गराउने) भनिन्छ, त्यस्तै जोसित मिलीकन प्रमाता चैतन्यमा यो अनित्य उपलब्धा भाव (शब्दको अनुभव कर्ता) बन्दछ, त्यो श्रोत्र आदिलाई करण भनिन्छ। प्रमाताको त्यो उपलब्धाभाव-पानीमा तप्ततामाव झैं-अनित्य नै हो, तर जहाँ आगाको उष्णता झैं त्यो उपलब्धाभाव हो नित्य त्यहाँ त्यो नित्य उपलब्धि स्वरूप आत्मालाई उपलब्धा भनेको छ। आगो-लाई जस्तो दग्धा भनेको छ, त्यस्तै।

आत्मा हो श्रोत्रको प्रकाशकताको हेतु, यस्तो भन्नुबाट विर्विशेष चैतन्य मात्रलाई नै लखाएको छ। त्यो निर्विशेष उपलब्धि स्वरूप आत्मा नै मन आदिको प्रवृत्तिको कारण हुन सक्छ। मन जो चिन्तन गर्न सक्छ त्यो सामर्थ्य आत्मचैतन्य द्वारा प्रदत्त भएको हो। किनकि मन हो आत्मामा अध्यस्त (अरोपित) र कार्यरूप अन्तःकरणमा कारणभूत चैतन्य प्रकाश अनुगत भैरहेको छ। आत्माको सत्ता र प्रकाशबाट नै मन आदिको सत्ता र प्रकाश सम्भव हुन्छ। यसैले निर्विशेष अधिष्ठान आत्मचैतन्यलाई श्रोत्रको श्रोत्र, मनको मन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

प्राणको प्राण इत्यादि भनिएको छ (केनोपनिषद्)। यदि त्यो अधिष्ठानको कुनै विशेष भाव छ भनी मानिन्छ, तब त्यो अधिष्ठान रहँदैन, किन्तु अध्यस्त भैहाल्छ।

यो नित्य उपलब्धि स्वरूप र निर्विशेष आत्मा हो जान्नुको योग्य वस्तु। यो आत्मस्वरूपलाई जानेपछि अज्ञानले आत्मामा आरोपित भएको बुद्धि आदि सारा दृश्य प्रपञ्चको निवृत्ति भैहाल्छ। मुमुक्षु पुरुष अमरता प्राप्त गर्छ।

●

दोस्रो दिन—आत्माको स्पष्ट अनुभव किन हुँदैन।

इन्द्रिय, मन आदि हुनु माया द्वारा आत्मामा आरोपित, त्यस-कारण तिनीहरू आत्मस्वरूप नै हुन्। आफ्नो वास्तव स्वरूप देखि तिनीहरू भिन्न नभएको हुनाले आत्मामा कसरी इन्द्रिय आदि प्रवृत्त हुन सक्छन्? त्यसैले आत्मा मन आदिको विषय हुन सक्दैन। आत्मा इन्द्रिय मन आदिको भित्र स्थित भैकन तिनीहरूलाई सत्ता र स्फुर्ति प्रदान गरिराखेको छ। त्यसकारण स्वप्रकाश सर्वान्तर साक्षी चैतन्य इन्द्रिय र मनको विषय हुन सक्दैन।

प्रश्न—त्यसोभए आत्मालाई कसरी जान्ने?

उत्तर—सर्वान्तर स्वप्रकाश साक्षी चिद्रूप आत्मा ज्ञानको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(बुद्धिवृत्तिको) विषयीभूत होद्ध । जो वुध्धि वृत्तिको विषय हुन्छ अर्थात् जो पदार्थलाई बुद्धिजान्दछ किम्वा प्रकाश गर्दछ, त्यो हो ज्ञात पदार्थ । जो वुद्धिवृत्तिको विषय हुँदैन त्यो हो अज्ञात पदार्थ । यी उभय प्रकारका पदार्थहरूलाई साक्षी चैतन्य प्रकाश गर्दछ (सारा पदार्थको सत्ता र प्रकाश चैतन्य स्वरूप आत्माबाट प्राप्त हुन्छ) । यसकारण सर्वसाक्षी (ब्रह्म किम्वा आत्मा) ज्ञात र अज्ञात सारा प्रपञ्चको अवभासक भएको हुनाले त्यो नै हो स्वयं विज्ञाता (वेत्ता, जान्ने वाला) । यो विज्ञाता हो सर्वात्मक (सारा प्रपञ्चको वास्तव स्वरूप) । त्यसकारण ज्ञात अज्ञात सबै पदार्थ हुनु साक्षी स्वरूपमा कल्पित । यो सर्वसाक्षी हो त्रिपुटीको वास्तव स्वरूप । सब त्रिपुटी हो यो आत्मामा आरोपित । यो चिद्रूप आत्मा हो ज्ञाता, ज्ञान र ज्ञेय रहित (ज्ञातादेखि अभिन्न—ज्ञाताको वास्तव स्वरूप) अखण्ड ज्ञानस्वरूप र ज्ञेयत्व र अज्ञेयत्व रहित केवल प्रकाश मात्र । यसैले यो चिद्रूप आत्मा कसरी मुमुक्षु पुरुषबाट ज्ञात हुन सक्ला ? यो परमार्थ अद्वितीय विज्ञाता वस्तु अखण्ड ज्ञानस्वरूप भएको हुनाले त्यो ज्ञानको विषय हुन सक्दैन । जो ज्ञानको विषय हो त्यो ज्ञानको अपेक्षाले क्षुद्र र विवादास्पद हुन्छ । 'म छु' यस्तो ज्ञान किम्वा अनुभव हो निर्विवाद । यसदेखि भिन्न जो कुनै ज्ञान इन्द्रियादिको विषय हो त्यो (स्वतः सिद्ध ज्ञान बाहेक अरू कुनै वस्तु) ब्रह्म हुन सक्दैन ।

फेरि त्यो चैतन्य स्वरूप आत्मा कसैको पनि अविदित छैन । किनकि यो हो सबैको वास्तव स्वरूप र नित्य स्वयं प्रकाशमान वस्तु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी आत्मा हो विदित र अविदित दुवैबाट भिन्न, यस्तो उपदेश द्वारा उभय भावको (बुद्धि आदि अनित्य धर्मको) निषेध पूर्वक विचारशील पुरुषले आत्मा नै हो परमार्थ अद्वितीय ब्रह्म, यस प्रकार अनुभव गर्न सक्दछ । जो सर्वान्तर आत्माको चैतन्य प्रकाश द्वारा इन्द्रिय, मन आदि सारा जगत प्रकाशित हुन्छ (तत्तत् व्यापार-मा प्रेरित भैरहन्छ) त्यो सर्वान्तर आत्मालाई ब्रह्म भनी जान्नु पर्दछ । ब्रह्म यो देखि अरू केही (शब्द द्वारा जान्नुको योग्य कुनै वस्तु) होइन । त्रिपुटीको निषेध भए यो साक्षी आत्मा स्वयं अखण्ड ज्ञान रूपले (ब्रह्म रूपले) परिशिष्ट रहन्छ ।

प्रश्न—आत्मा यदि ज्ञेय वस्तु होइन, तब आत्मज्ञानको उपदेश शास्त्रमा किन दिइएको छ ?

उत्तर—अत्मस्वरूपलाई नजान्नुको फलले अविवेकी मानिस जो नित्य ज्ञान स्वरूप आत्मामा बुद्धि आदि अनित्य धर्मको आरोप गर्दछ । आत्माको विवेक द्वारा त्यसको निवृत्तिका लागि नै ज्ञान-स्वरूप आत्मालाई जान्नुको निम्ति उपदेश गरिएको छ ।

प्रश्न—आत्मा यदि विदित (ज्ञात) वस्तु होइन, तब त्यो अविदित (अज्ञात) नै हुन्छ ?

उत्तर—यो ठीक होइन, किनकि आत्मा स्वयं प्रकाशमान भएको हुनाले अनुभवको अपेक्षा राख्दैन—अर्थात् अनात्म वस्तुलाई झैं आत्मा लाई खोजेर निकाल्न परेको छैन । अविदित वस्तुलाई जान्नका लागि मानिसको प्रवृत्ति हुन्छ, अनात्म वस्तुलाई बुद्धि द्वारा अनुभव गरीकन बुझ्नु (जान्नु) पर्दछ, तर आत्मा हो ज्ञान स्वरूप, त्यस-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारण त्यसलाई भिन्न उपायले जान्नुको प्रयोजन छैन । किनकि जो जसको स्वरूप हो त्यसलाई अरूको अपेक्षा छैन । आत्माको प्रकाश हो अन्यनिरपेक्ष । यसकारण आत्मा अविदित हुोइन, त्यो हो अविदित देखि भिन्न ।

प्रश्न—त्यसोभए आत्मा आफू नै आफूको अनुभवकर्ता भयो ।

उत्तर—यो पनि ठीक होइन, किनकि आत्मा हो आफूबाट नै सिद्ध । प्रदीपले जस्तो अरू उज्यालाको अपेक्षा राख्दैन, त्यस्तै आत्मा हो आफूबाट नै सिद्ध । प्रदीप आफू नै प्रकाश स्वरूप भएको हुनाले अरू आलोकले सहारा दिए तापनि त्यो निरर्थक हो, किनकि प्रकाशकताको बारेमा तारतम्य विशेष सम्भव छैन । अरू आलोक आईकन प्रदीपलाई त्यस देखि बढता अरू कुनै पदार्थ भनी प्रकाश गर्दैन किम्वा अरू थोक तुल्याउँदैन । आत्मा आफू नै आफूलाई ग्रहण गर्छ (अनुभव गर्छ) यस्तो भने पछि आत्मा एकै कालमा ग्रहण क्रियाको कर्ता र कर्म भइहाल्ला, यो असम्भव हो । प्रदीपको स्वरूप अभिव्यक्तिमा जस्तो अरू प्रदीपको किम्वा आफूको उज्यालोको सार्थकता कहिले पनि सम्भव छैन, त्यस्तै आत्मा देखि भिन्न यस्तो कुनै विज्ञान छैन, जो त्यो आत्मस्वरूपको विज्ञानमा अपेक्षित हुन सक्ला ।

प्रश्न—प्रदीप जस्तो विजातीय आलोकको—अर्थात् व्यक्ति विशेषको ज्ञानको—अपेक्षा राख्दछ, यो मान्छेको प्रदीप व्यवहारमा देखिन्छ त्यस्तै ब्रह्मको विजातीय ज्ञानको अपेक्षा किन हुँदैन ?

उत्तर—ब्रह्मभिन्न जो कुछ छ त्यो सारा अज्ञानको कार्य भएको हुनाले तिनीहरू आफूबाट नै प्रकाशित हुन सक्दैनन् । त्यसकारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

ब्रह्मलाई विजातीय ज्ञानको अपेक्षा छैन। जो प्रमाता ब्रह्मलाई जान्दछ त्यो आफू नै दृश्य भएको हुनाले प्रकाशित हुन सक्दैन। त्यसको वास्तव स्वरूप हो चिदात्मा—त्यो अघि देखि नै सिद्ध भैराखेको छ—त्यसकारण प्रमातालेकसरी आत्मालाई सिद्ध गर्न सक्ला ? आत्मामा आरोपित प्रमाता आदि त्रिपुटी भावको निषेध भएमा नै चैतन्य स्वरूप आत्मा स्वयं प्रकाशित भैहाल्छ।

प्रश्न—साधक देखि भिन्न परमोत्कृष्ट उपास्य परमात्मा हो ब्रह्म—यस्तो गीतादि शास्त्रमा बताइएको छ, त्यो ठीक हैन कि ?

उत्तर—उपाधि विशिष्ट उपासनीय वस्तु ब्रह्म होइन। चैतन्य हो सर्वान्तर (इन्द्रिय मन आदिको वास्तव स्वरूप), मनको प्रेरक रूपले मनको अन्तर्गत किम्वा मनको सत्ता स्फुर्ति प्रद। अधिष्ठान रूपले यो हो मन्तादि (मनन गर्ने वाला आदि) त्रिपुटीको वास्तव स्वरूप। त्यसकारण मनुष्य जसलाई यो भनीकन अर्थात् उपाधिविशिष्ट मानीकन उपासना गर्छ त्यो ब्रह्म होइन। त्यो हो अनात्म वस्तु किम्वा जड़।

जसबाट इन्द्रिय र मनको सारा क्रिया प्रकाशित हुन्छ, त्यो नै हो ब्रह्म। ब्रह्म इन्द्रिय र मनको प्रकाश्य होइन। यसरी ब्रह्म शब्दबाट अरू कुनै वस्तुको ग्रहणको सम्भावना निवृत्त भयो र साधकको आफ्नो वास्तव स्वरूप नै गृहीत भयो। जसलाई 'यो' भनीकन (उपाधिविशिष्ट संज्ञीकन) उपासना गरिन्छ, यस्तो कुनै प्रकारको उपास्य वस्तु ब्रह्म हुन सक्दैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन जसलाई चिन्तन गर्न सक्दैन, किन्तु मन जसबाट प्रकाशित हुन्छ त्यो नै हो ब्रह्म । त्यसकारण साधक जसलाई 'यो' भनीकन उपासना गर्दछ (चिन्तन गर्दछ) अर्थात् यसप्रकार उपासनीय वस्तु कसरी ब्रह्म हुन सक्ला ? ब्रह्मबाट प्रकाशित भैराखेको मनले कसरी ब्रह्मलाई विषय गर्ला ? मन र इन्द्रियको अविषय निर्विशेष (जाति गुण क्रिया आदि रहित) ब्रह्म नै सम्पूर्ण जगतलाई प्रकाश गरिराखेको छ । गीतामा पनि भनिएको छ—जस्तो सूर्य एक भैकन सारा जगतलाई प्रकाश गर्छ, क्षेत्री (परमात्मा) पनि देह र इन्द्रिय-हरूलाई (सारा दृश्य प्रपञ्चलाई) प्रकाश गरि राखेको छ (गीता १३।३३) । त्यसकारण त्यो ब्रह्म नै हो तिमी—यस देखि भिन्न अरू कुनै कुरा जान्नु पर्दैन ।

विक्षेपयुक्त चित्तलाई भित्र स्थिर राख्नको लागि चितशुद्धिको साधन रूपले शास्त्रमा उपासनाको विधान छ । यस वारेमा अन्य स्थानमा (रिडीको भाषण "वेदको कर्मकाण्ड र ज्ञानकाण्ड"मा) विस्तृत रूपले आलोचित भएको छ । तर उपासना नै शास्त्रको अन्तिम कुरा ह्वैन । साक्षात्कार अनुभवमा उपास्य उपासक सम्बन्ध छैन, त्यसकारण यस्तो भेद बुद्धि हो अज्ञानको कार्य । परमार्थ अद्वितीय ब्रह्म हो चैतन्य मात्र । उसमा ज्ञाता र ज्ञेय रूप भेद रहन सक्दैन । त्रिपुटी साक्षीबाट प्रकाशित भएको हुनाले साक्षी देखि भिन्न रूपले त्रिपुटीको सत्ता बन्दैन । इन्द्रिय किम्वा मनले परमात्मालाई कसरी विषय गर्ला ? इन्द्रिय र मनको सत्ता स्फुर्ति हो शुद्ध अखण्ड चैतन्य । यो ब्रह्म हो सर्व द्रष्टा, सर्वान्तर र सबैको वास्तव स्वरूप ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसकारण तिम्रो, मेरो, सूर्य चन्द्रको-सबैको-वास्तव स्वरूप हो यो परमार्थ अद्वितीय ब्रह्म। त्यो कसरी उपासनाको (मानसिक चिन्तनको) विषय हुन सक्ला ?

●

तेस्रा दिन—शास्त्र गुरुको उपदेश र आफ्नो अनुभव यी तीनको मिलन

माथि देखाइएको तीनबटाको मिलनसम्म ब्रह्म स्वरूवको विचार गर्नु पर्छ। जब ब्रह्म विदित सारा वस्तु देखि भिन्न हो तब त्यसलाई जान्नु कसरी संभव हुन्छ, यो दृढरूपले बुझ्नु पर्दछ। यहाँ यसप्रकार विचार गर्नु पर्छ :—(१) 'ब्रह्म वस्तुलाई जानेको छु' यस्तो भने पछि त्यो विदित देखि भिन्न हो यो उपदेशसित विरोध हुन्छ र ज्ञानको विषय ब्रह्म वस्तु घटझैं अब्रह्म भैहाल्छ। आफूलाई ज्ञाता भनी माने पछि म विकारी भइहाल्छु। (२) फेरि ब्रह्म वस्तुलाई जानेको छैन यस्तो भने पछि 'म छैन, आत्मा छैन' भन्नुको बराबर हुन्छ। किनकि आत्मा स्वयं र सधैं प्रकाशमान भएको हुनाले आत्माको अनुभव हो सर्वदा सिद्ध। तब 'जानेको छैन' यो हो अत्यन्त बुद्धिहीनता। किनकि यदि जिज्ञासा गरिन्छ कि कसले भनेको छ कि आत्मालाई जानेको छैन किम्वा आत्माको अभावलाई को अनुभव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्छ ? तब यसको उत्तर हुन्छ—म अनुभव गर्द छु। यसरी जानेको छैन यो स्वतः सिद्ध म छु (आत्मा छ) यो अनुभवको विरुद्ध हुन्छ। (३) परिशेषमा यदि निरुत्तर भएर बस्छु तब मैले केही पनि बुझेको छैन यस्तो बुझिन्छ। त्यसकारण यी तीन पक्षमा आएका प्रत्येक दोषहरूको परिहार गर्नुको निमित्त ब्रह्म वस्तुलाई जानेको पनि छु, जानेको छैन पनि यस्तो उत्तर दिनु पर्दछ। (१) अज्ञान संशय आदि नभएको वस्तु हुनाले त्यो वस्तुलाई जानेको छु। (२) त्यो वस्तु ज्ञानको विषय नभएको हुनाले त्यसलाई जानेको छैन—यस्तो दृढ निश्चय गर्नु पर्दछ।

प्रश्न—शास्त्र र आचार्यको उपदेश तथा अफूको अनुभव यी तीनबटाको मिलनको के प्रयोजन छ ?

उत्तर—गुरु र शास्त्रको उपदेश स्वतः प्रमाण भए तापनि आफ्नो अनुभवसित त्यसको एकता भए शास्त्रको तात्पर्य परिस्फुट भैहाल्छ।

ब्रह्म सर्वान्तर (सर्वसाक्षी) भएको हुनाले नित्य विज्ञान स्वरूप हो। त्यसकारण जानेको छैन यस्तो भन्नु बन्दनै। यदि त्यो विज्ञान मेरो कुनै प्रकार विकार हुन्थ्यो, तब विकार मात्र नै कादाचित्क (कहिले आउने कहिले नआउने) हुनाले कहिले कहिले जान्दछु, यस्तो हुने थियो। तर यस्तो हैन। म सधैं जानि राखेको छु। पर्वत जस्तो स्वभावले अचल भईकन पनि 'पर्वत खडा भइ राखेको छ' यस्तो भन्नु बन्द छ, त्यस्तै जानि राखेको छु यस्तो भन्नु किन बन्दैन ? 'म छु' यसको बारेमा अरू प्रमाणको अपेक्षा छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो प्रमा (यथार्थ ज्ञान) आफूबाट नै हुन्छ। 'म छैन' भने पछि म नै हुँ मेरो अभावको साक्षी। त्यसकारण म नै आइहाल्छु। म हुँ हरहालतमा प्रकाशमान।

युक्तिको सहाराबाट गुरु शास्त्रको बचन द्वारा आत्माको ब्रह्मरूपता प्रकट गरियो। 'म ब्रह्म हुँ' यस्तो अन्तःकरण को जो अखण्डाकार वृत्ति विशेष ज्ञान हो त्यो अन्तः करणरूप उपाधि द्वारा आत्मा अध्यस्त हुन्छ। त्यसकारण मैले जानेको छैन, यो पनि संगत हुन्छ।

प्रश्न—ब्रह्म स्वरूपलाई जान्नु भन्ने संक्षेपले कति कुरा हो ?

उत्तर—ब्रह्म हो विदित र अविदित देखि भिन्न—अर्थात् नित्य ज्ञान स्वरूप। यस्तो बुझ्नु (ब्रह्म स्वरूपलाई यथार्थ रूपले जान्नु) बाट ब्रह्म ज्ञानको विषय हुन सक्दैन। जो विषय रूपले ब्रह्मलाई जान्दछ त्यसले केवल सोपाधिक किम्वा उपास्य ब्रह्मलाई जानेको छ। त्यसलाई निरुपाधिक ब्रह्मको ज्ञान भएको छैन।

प्रश्न—यसलाई अझ स्पष्ट गरेर बुझाइदिनु होस।

उत्तर—जो साधकको आफ्नो वास्तव ब्रह्म स्वरूप मनोवृत्ति द्वारा विषयीकृत हुँदैन, किन्तु केवल स्वरूप प्रकाशले प्रकाशित हुन्छ। त्यसको निम्ति त्यो ब्रह्म स्वरूपको ज्ञान भएको हुन्छ। जसको त्यो ब्रह्म बुद्धिवृत्तिको विषयीभूत हुन्छ, त्यो पुरुषले ब्रह्मलाई जानेको छैन। किनकि त्रिपुटी अन्तःपाती वृत्तिज्ञान यथार्थ ज्ञान होइन र ज्ञेय वस्तु बुद्धिवृत्तिद्वारा परिच्छिन्न भएको हुनाले ब्रह्म होइन, किन्तु उपास्य ब्रह्म मात्र हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सारांश यो हो कि बुद्धिवृत्ति विशिष्ट रूपले ब्रह्मलाई जान्नु हो ब्रह्मलाई नजान्नु। बुद्धिवृत्ति द्वारा अविशिष्ट रूपले ब्रह्मलाई जान्नु हो स्वरूप प्रकाश द्वारा नै ब्रह्मको ज्ञान हुनु।

प्रश्न—ब्रह्मको वास्तव स्वरूप के हो? ब्रह्म स्वरूपको यथार्थ ज्ञान कसरी प्राप्त हुन्छ?

उत्तर—ब्रह्म हो सारा बुद्धिवृत्ति (त्रिपुटी) को भासक—त्रिपुटी रहित शुद्ध चैतन्य। त्यो बुद्धिवृत्तिको प्रकाश्य कसरी हुन सक्ला? साक्षी रूप ब्रह्म स्वप्रकाश भएको हुनाले त्रिविध बुद्धिवृत्तिको निषेध भए पछि त्यो निषेधको अवधि रूपले निरूपाधि ब्रह्म परिशिष्ट रहन्छ। यसरी ब्रह्म स्वरूपको यथार्थ ज्ञान (ब्रह्म स्वरूपको सम्यक् अवभास) सम्भव हुन्छ।

प्रश्न—ब्रह्मको ज्ञान भने पछि त ब्रह्म जान्नुको कर्म (जान्नुपर्ने विषय) हुन्छ?

उत्तर—ब्रह्मज्ञान, घटज्ञान, भ्रान्तिज्ञान—सारा वृत्तिज्ञानमा ज्ञाता पुरुषको आफनो वास्तव निरुपाधिक एकरस चैतन्य स्वरूप निर्विकार रूपले प्रकाशित रहन्छ। त्यो कर्ता पनि, कर्म पनि होइन, किन्तु सम्पूर्ण त्रिपुटीको साक्षी, केवल स्वयं प्रकाशमान चैतन्य मात्र हो। ब्रह्मलाई जान्नु भन्नाले–त्रिपुटीरूप सारा उपाधिको शास्त्र प्रमाणबाट निरसन भए-सारा वृत्तिको अवभासक साक्षी रूपले अवस्थित, अनुगत, अव्यभिचारी, स्वयं प्रकाश चैतन्यलाई बुझ्नुपर्छ। ज्ञान भन्नुको तात्पर्य यो हो कि निरूपाधि चैतन्यको प्रकाशको कहिले पनि व्यभिचार—अन्यथा भाव—हुँदैन। विकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहित असंग अद्वितीय ब्रह्म विद्याको (ज्ञानको) आसरा किम्वा विषय हुन सक्दैन। अपरिच्छिन्न ब्रह्मको कसैसित पारमार्थिक सम्बन्ध हुन सक्दैन। त्यसकारण ब्रह्मलाई जो साक्षात्कार गर्नु हुन्छ उहाँ केवल स्वप्रकाश ब्रह्म नै भैहाल्नु हुन्छ ब्रह्मवेत्ता रहनु हुन्न।

प्रश्न—आत्मा शब्दको अर्थ के हो? ब्रह्मज्ञान भन्नाले के कुरालाई बुझाइन्छ?

उत्तर—आफूमा कल्पित सारा त्रिपुटीको अवभासक, अन्य साधन निरपेक्षरूपले आफूवाट नै प्रकाशमान भैरहेको जो साक्षी चैतन्य मात्र हो त्यसलाई आत्मा भनेको छ। सारा दृश्य त्रिपुटी आफूमा कल्पित भएको हुनाले त्यो हो सिपीमा चाँदी झैं मिथ्या। आत्मा सदा प्रकाशमान भैरहे तापनि अज्ञानी मानिस त्यसलाई अहंकार विशिष्ट भनी जान्दछ। वास्तवमा त्यो हो त्रिपुटी आदि सारा उपाधि देखि रहित परमार्थ अद्वितीय चैतन्य स्वरूप भनी जान्न सक्दैन। यो आत्मा केवल अद्वितीय भएको हुनाले वास्तवमा त्यसको ज्ञाता कोही पनि हुन सक्दैन, किनकि जान्नु हो प्रमाता प्रमाण आदि भेद-सापेक्ष। सम्पूर्ण त्रिपुटीको परिहार-पूर्वक आफूलाई सर्वान्तर अद्वितीय साक्षी चैतन्य मात्र भनी साक्षात् जान्नुलाई (अद्वितीय साक्षी चिन्मात्र रूपले स्थित हुनुलाई) ब्रह्मज्ञान भनेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुर्थदिन—त्रिपुटीको मिथ्यात्व

कोही मानिस सारा विद्यामा विशारद भए तापनि आत्मज्ञानको अभावले मनस्ताप किम्वा अकृतार्थताबाट मुक्त हुन सक्दैन । आत्म-ज्ञान प्राप्त नभए अकृतार्थता (बुद्धिको परिणामणले सधैं सन्ताप) भोग्नु पर्छ । त्यसकारण आत्मज्ञान बाहेक जीवको निरतिशय कल्याणको अरू साधन छैन ।

वेदशास्त्र, इतिहास, पुराण, गणित शास्त्र, निधिविज्ञान शास्त्र, तर्क शास्त्र, नीति शास्त्र, भूतविद्या, ज्योतिष, संगीत र शिल्पादि विज्ञान अवगत भए तापनि सुखी र कृतकृत्य हुनु संभव छैन । यी सारा विद्या र तिनका फल हुन् अनित्य विनाशी वस्तु । त्यसकारण यी सारा विषयको ज्ञान प्राप्त गरेका विद्वान पुरुषको पनि हृदयको सन्ताप हटेर जाँदैन ।

प्रश्न—यसको कारण के हो ?

उत्तर—यी सारा विद्याबाट परमार्थ सत्य वस्तुलाई जान्नु बन्दैन । विकार किम्वा जन्य पदार्थ सत्य भनी कहलाए तापनि त्यो परमार्थ सत्य हैन । जो इन्द्रियको विषय हो र जो इन्द्रियको अगोचर हो यिनीहरू हुन् आपेक्षिक सत्य (पारमार्थिक सत्य हैनन्) । परमार्थ अद्वितीय वस्तु हो चिदानन्द स्वरूप आत्मा (ब्रह्म) ।

प्रश्न—परमार्थ सत्य वस्तुलाई जान्नका लागि के गर्नु पर्छ ?

उत्तर—त्यो ज्ञातव्य विषय बुझनका लागि विचार गर्नु पर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शास्त्र अनुकूल विचारलाई मनन भनेको छ। पुरुष जब श्रद्धा गर्छ तब नै त्यो विषयमा मनन संभव हुन्छ—श्रद्धाहीन मानिसले कहिले पनि मनन॰गर्दैन। मनुष्य जब गुरु शुश्रूषा आदि विषयमा निष्ठावान् हुन्छ, तब नै त्यो श्रद्धावान् बन्दछ। निष्ठाहीन मानिस श्रद्धा गर्न सक्दैन। ब्रह्मज्ञान लाभका लागि **गुरु शुश्रूषादि विषयमा तत्वर** (एकाग्र) हुनुलाई **निष्ठा** भन्दछन्। मुमुक्षु जब **इन्द्रिय संयम आदि विषयमा चेष्टा गर्दछ (इन्द्रिय संयम र चित्तको एकाग्रतालाई सम्पादन गर्छ यसैलाई कृति भनेको छ—**) तब नै निष्ठा लाभ गर्दछ। जब साधक इन्द्रिय संयममा निरतिशय आनन्द अनुभव गर्छ तब नै छ संयम विषयमा यत्न गर्छ।

त्यो कृति किम्वा यत्न तब सम्भव हुन्छ जब सुख लाभ गरिन्छ। अर्थात् जसदेखि अधिक अरू सुख छैन यस्तो सुख किम्वा आनन्द मैले प्राप्त गर्नु पर्दछ, यस्तो जब मनिन्छ। जगतमा दृष्ट फल स्वरूप पुत्र वित्त आदि जनित सुखको उद्देश्यमा जस्तो यत्न गर्छ त्यस्तो आत्म संयममा पनि सुखको **अनुभव नगरे** कृति बन्दैन। यद्यपि वर्तमानमा भविष्यत् वस्तुको लाभ सम्भव छैन तापनि सर्वत्र नै भविष्यत् सुखका लागि सबैको प्रवृत्ति हुन्छ। यहाँ जो सुखलाभको कुरा भनिएको छ त्यो पनि इन्द्रियसंयम र चित्तको **एकाग्रताको पछि आउने कुरा हो**। त्यसकारण त्यसलाई लक्ष्य गरीकन नै संयम र चित्तको एकाग्रता सम्पादन गर्नु पर्दछ।

त्यसैले कृति भएमा नै निष्ठा देखि शुरू गरीकन साक्षात्कार-सम्म विषयहरू सम्पन्न हुन्छन्। बुद्धि आदि विषयहरू पर पर भए

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परमार्थ सत्य वस्तु स्वयं प्रकाशित भैहाल्छ। त्यसकारण साक्षात्कारका लागि अरू स्वतन्त्र रूपले यत्नको आवश्यकता छैन।

प्रश्न—निरतिशय सुख केलाई भन्छन् ?

उत्तर—जो सबभन्दा सहज हो त्यो पारमार्थिक अद्वितीय वस्तु नै हो सुख। परिच्छिन्न वस्तुमा सुख छैन। जो ब्रह्म किम्वा सर्वव्यापक हो त्यो देखि निम्नतम (तल) भएको त्रिपुटी अन्तःपाती पदार्थ नै हो सातिशय (तारम्य युक्त) किम्वा अल्प। त्यसकारण त्यो बुद्धिवृत्ति परिच्छेद-युक्त (त्रिपुटी अन्तःपाती) पदार्थ-(बुद्धिवृत्तिमा प्रतिबिम्बित सुखरूप अन्तरात्मा) ले त्यो देखि अधिक विषयमा तृष्णा उत्पादन गरिदिन्छ। तृष्णा नै हो दुःखको वीज (मूलकारण)। तृष्णा हो अन्तःकरणको धर्म, त्यसैले जब सम्म अन्त.करणसित भ्रमले मुमुक्षु पुरुषको सम्पर्क—मिलन, तद्रूपता—रहिरहन्छ—अर्थात् त्रिपुटीमा सत्यता बुद्धि रहिरहन्छ—तब सम्म आफ्नो अखण्डानन्द निरुपाधि भूमा (महत्) स्वरूपको अनुभव (साक्षात्कार) उदित हुँदैन। 'म हुँ सुखी' यसप्रकार साभास अन्तःकरणको त्रिपुटीपूर्वक जो सुखको अनुभव हो त्यो हो अनित्य, विनाशी वस्तु (अल्प), यो वास्तव सुख होइन।

सम्पूर्ण विद्या-सम्पन्न तर अनात्मज्ञ पुरुषले अल्प किम्वा परिच्छिन्न पदार्थ (मरणशील अल्पज्ञान र अल्पसुख) नै लाभ गर्छ। त्यसकारण त्यसले त्यो भन्दा अधिक पदार्थ देखे पछि त्यसलाई पाउने इच्छा गर्दछ। त्यो अधिक पदार्थलाई प्राप्त गरे पनि त्यसभन्दा अधिक वस्तु पाउन त्यसको चित्त चञ्चल हुन्छ। चञ्चलताको नाम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो चित्त। यसरी उत्तरोत्तर त्यसको तृष्णा बढदै जान्छ। त्यसैले अन्तमा (चित्तसित युक्त रहनु सम्म अज्ञानी अविवेकी मानिसलाई) वास्तव सुख हुन सक्दैन। यसकारण वाचस्पति मिश्रले भन्नु भयो कि—अरूको उत्कृष्ट किम्वा अधिक सम्पत्तिले त्यस भन्दा अल्प सम्पत्ति भएको मानिसलाई दुःखी तुल्याउँछ।

प्रश्न—संक्षेपले भूमाको र अल्प वस्तुको लक्षण बताउनुहोस् ?

उत्तर—भूमा भन्नाले ब्रह्मलाई बुझाउँछ। यो शुद्ध चैतन्य स्वरूप-मा द्रष्टाले आफू देखि पृथक् करण आदि द्वारा भिन्न द्रष्टव्य पदार्थलाई दर्शन गर्दैन, किम्वा भिन्न केही श्रवण गर्दैन। जगत्मा जति विषय (अनुभवयोग्य पदार्थ) छन्, ती सारा नै नाम रूप देखि अतिरिक्त वस्तु होइनन्। त्यसैले नाम (शब्द र रूप) को ग्राहक दर्शन र श्रवण हो भनी शास्त्रमा बताएको छ। त्यस्तै द्रष्टाले भिन्न द्रष्टव्य विषयको चिन्ता गर्दैन किम्वा भिन्न कुनै पदार्थलाई जान्दैन।

क्रिया कारकादि भेद हो संसार। क्रिया कारकादि भेद रहुन्ज्याल सम्म संसारको (दृश्यको) निवृत्ति हुन सक्दैन। आत्माको निर्विशेष एकता स्वीकार गरेपछि त्यसमा दर्शनादि क्रिया र त्यसको कारक र फलभेद (अद्वैत वस्तुको द्वैतरूपले प्रति-भास किम्वा त्रिपुटी) रहन सक्दैन। परमार्थ सत्य वस्तु हो एक र अद्वितीय, त्यसकारण आत्मामा दर्शनादि व्यवहार बन्दैन। त्यसैले भूमामा कुनै प्रकार दर्शन श्रवण मनन किम्वा विज्ञानरूप त्रिपुटी विकल्प छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जबसम्म बुद्धिलाई सत्य मानी ग्रहण गरिन्छ, तबसम्म एक जना अरू द्वारा अरूलाई दर्शन गर्दछ। यसरी दर्शनादि हो अल्प, किनकि जबसम्म अज्ञान रहन्छ तबसम्म यसप्रकार दर्शन श्रवण मनन विज्ञान पनि स्थित रहन्छ। बुद्धिलाई मिथ्या भनी जानेपछि नै भूमा (ब्रह्म) स्वरूपको साक्षात्कार बनिहाल्छ। स्वप्न दृश्य वस्तु जस्तो जागरणको पहिला सम्म स्थायी रहन्छ, त्यस्तै वृत्तियुक्त बुद्धिलाई असत्य भनी निश्चय नगर्नु सम्म त्रिपुटीपूर्वक व्यवहार सम्भव हुन्छ। अरू प्रकार क्रमसिद्ध दर्शन मनन आदि व्यवहार हो अल्प, त्यसकारण मर्त्य। अर्थात् स्वप्न प्रपञ्च झैं विनाशशील। अल्प-को जो विपरीत हो त्यो भूमा हो अविनाशी।

प्रश्न—सुख झैं ज्ञान पनि अल्प हुन्छ कि? त्यसोभए परमार्थिक ज्ञान केलाई भन्छन्?

उत्तर—परमार्थ अद्वितीय ब्रह्म हो ज्ञानस्वरूप (अविनाशी ज्ञान)। जो परमार्थ सत्य हो त्यही नै अविनाशी सुख र अविनाशी ज्ञान हो। सत् चित् र आनन्द पदहरूको लक्ष्यार्थ हो एक अद्वितीय ब्रह्म, तर तिनीहरूको वाच्यार्थमा भेद रहन्छ। सत्य पदको वाच्यार्थ (अमुख्य अर्थ) हो मायायुक्त ब्रह्म। ज्ञान पदको वाच्यार्थ हो प्रतिबिम्बरूप अन्तःकरण वृत्ति—अर्थात् वृत्तिज्ञान र आनन्द पदको वाच्यार्थ हो अत्यन्त शान्त बुद्धिवृत्ति।

प्रश्न—वृत्तिज्ञान र ज्ञप्ति-ज्ञानको भिन्न के भेद छ?

उत्तर—वृत्तिज्ञान हो साभास अन्तःकरणको राजसिक वृत्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र ज्ञप्तिज्ञान किम्वा विज्ञान हो स्वयं प्रकाशमान साक्षिचैतन्य । वृत्ति-ज्ञान हो प्रतिबिम्ब परिणामी र विनश्वर (मिथ्या), किनकि त्यो साक्षी द्वारा प्रकाशित हुन्छ । ज्ञप्तिज्ञान हो बिम्बभूत साक्षी चैतन्य र परमार्थ सत्य ।

घटाकार वृत्तिको सहारालें घटको ज्ञान र सुखाकार वृत्तिबाट सुखको अनुभव हुन्छ । यसप्रकार आत्म-ब्रह्मको साक्षात्कार उदित भए अखण्ड ज्ञान परिशिष्ट रहन्छ । त्यही नै हो मुमुक्षु पुरुषको वास्तव स्वरूप ।

प्रश्न—यो आफ्नो वास्तव स्वरूपको प्राप्ति कसरी हुन्छ ?

उत्तर—ब्रह्मविद्याबाट आफ्नो वास्तव स्वरूप प्राप्त हुन्छ । यो ब्रह्मविद्या अद्वैत महाविद्यालयबाट देशिकहरूको करुणाले उपसन्न शिष्यहरूलाई मिल्दछ । अरू विद्यालय किम्वा विश्वविद्यालयको विद्यार्थी आफूदेखि भिन्न कुनै ज्ञातव्य विषयलाई बुद्धिवृत्तिको सहारालें जान्दछ । त्यस्तो ज्ञान हो परिच्छिन्न (त्रिपुटी अन्तःपाती), त्यसकारण अल्प (विनश्वर) । ब्रह्मविद्या किम्वा साक्षात्कारको फललें उपसन्न शिष्य सनातन स्वप्रकाश अविनाशी भूमा वस्तु (ब्रह्म) नै भैहाल्छ । त्यो आफू ज्ञाता भएर कुनै ज्ञेय वस्तुलाई अवगत गर्दैन । त्यो आफ्नो वास्तव स्वरूपमा प्रकाशमान हुन्छ ।

प्रश्न—साक्षात्कारवान् पुरुषको सुख कस्तो हुन्छ ?

उत्तर—तिनको सुख आत्मविज्ञान द्वारा (आत्मानुभव द्वारा) सम्पन्न हुन्छ । अज्ञानी मानिसको सुख शब्दादि विषयको अधीन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ । ज्ञानवान्को सबै आनन्दको मूलकारण हो आत्मा । आत्मानन्द हो देह जीवन र भोग आदि रूप सारा बाह्य साधननिरपेक्ष । किनकि तिनको त्रिपुटीरूप द्वैत नष्ट भैहालेको छ—तिनी सर्वत्र स्वतन्त्र हुन्छन् ।

प्रश्न—यो आत्मविज्ञान प्रदर्शनको आशय के हो ?

उत्तर—निखिल लौकिक विद्यामा कुशल भैकन पनि (जगत्को सारा जड़तत्वलाई अवगत गरीकन पनि) मानिस (विद्यार्थी) त्यहाँसम्म परमशान्ति (आनन्द) लाभबाट कृतार्थ हुन सक्दैन, जहाँसम्म भूमा ब्रह्मको स्वरूप अवगत हुँदैन । किनकि जो भूमा (परम महत् किम्वा बृहत्) होइन, अर्थात् जो परिच्छिन्न (त्रिपुटी अन्तःपाती वृत्ति विभागयुक्त) हो त्यो कहिले पनि सुख स्वरूप हुन सक्दैन । परन्तु जो भूमा हो—जो अद्वैत अनुभव द्वारा प्राप्त हुन्छ—त्यो नै हो सुख स्वरूप । त्यो भूमा ब्रह्मलाई जानेपछि मात्र मुमुक्षु पुरुष संसारको सारा अनर्थ जालबाट मुक्त भएर परम शान्ति (मुक्ति) लाभ गरीकन कृतार्थ हुन्छ । त्यसैले बुद्धिमान मानिसले विद्या, जाति, धन आदिको अभिमानलाई छाडेर ब्रह्मज्ञ देशिकहरूको आश्रय ग्रहण गर्छन् र तिनीहरूको उपदेश प्राप्त गरेर कृतार्थता लाभ गर्छन् ।

●

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाँचौं दिन—अवर्णनीय सुखको अनुभव

ब्रह्मको स्वरूपभूत परमानन्दको अनुभव गीता ६।२१ श्लोकमा वर्णित भएको छ। अन्तःकरण विशिष्ट खण्डित प्रमाताभावलाई अखण्ड भेदरहित आफ्नो वास्तव परमात्मस्वरूपमा अर्पण गरेपछि अखण्डाकार बुद्धि द्वारा यो परम सुखको अनुभव हुन्छ। यो परम सुख हो आफ्नो वास्तव स्वरूपदेखि अभिन्न। अद्वैत आफ्नो स्वरूपको सम्यक् अनुभव नै हो यो परमानन्दको स्वतः अनुभव। **त्रिपुटीको मिथ्यात्व निश्चय भए** बुद्धि अद्वितीय साक्षी स्वरूपमा नै स्थित भैहाल्छ। बुद्धि हो वास्तवमा चैतन्य स्वरूप। बुद्धि अज्ञानको कार्य भएको हुनाले त्यो आत्मस्वरूपमा कल्पित भएको छ र कल्पित वस्तु अधिष्ठान स्वरूप नै हुन्छ। यसैले चित्त (बुद्धि) जब कुनै विषयको आकारमा आकारित हुँदैन, तब स्वतः आत्माकार मा नै अवस्थित रहन्छ—अर्थात् चिद्रूप आत्माको चिन्तन किम्वा अनुभव भैरहन्छ।

यसरी एकरूप वस्तुमात्र रूपमा चित्तको जो तदाकार वृत्तियुक्त अवस्थान हो त्यसलाई **सम्प्रज्ञात** समाधि भनेको छ। यो हो ध्यान को परिपाक अवस्था। यसमा केवल ब्रह्माकार वृत्ति प्रवाहित भैरहन्छ (आफ्नो ब्रह्मस्वरूपको अनुभव भैरहन्छ), किन्तु पृथक् अनुभवकर्ता (ध्याता) रहँदैन।

यस पछि ध्येयाकार वृत्तिलाई पनि निरुद्ध गरिदिनु पर्छ। किनकि ध्येयाकार चित्तवृत्ति पनि कल्पित भएको हुनाले त्यो चित्तवृत्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ब्रह्माकार वृत्ति) हो ब्रह्मरूप । चित्तलाई साक्षी स्वरूपमा विलापित गर्नु पर्छ । परिणामले चित्त कुनै प्रकार वृत्तियुक्त रहँदैन, किन्तु चित्त ब्रह्मरूपले स्थित भैहाल्छ । जस्तो पानीमा फ्रेंकिएको लवण खण्ड (नूनको ढीको) गलीकन पानीमात्र रूपले स्थित हुन्छ (लवणको प्रतीति न भैकन केवल पानी नै अवभासित भैरहन्छ) त्यस्तै बुद्धि (चित्त) अधिष्ठान चित्स्वरूपमा प्रविष्ट भएर ब्रह्ममात्र रूपले अवस्थान गर्छ । बुद्धिको पृथक् भान रहँदैन । केवल परमार्थ अद्वितीय ब्रह्म भासमान (अनुभूत) भइरहन्छ । सत्व, रज र तम यी तीन गुण हुन् चित्तका मात्र । ध्यान द्वारा यिनीहरूलाई त्यागेपछि चित्त चैतन्य भैहाल्छ । त्रिपुटीको त्याग भए चित्त चिद्रूपमा लीन भैहाल्छ । लक्ष्य गर्नु पर्छ कि यसप्रकारले बुद्धि सारा वृत्तिशून्य भए तापनि **बुद्धि वस्तुमात्ररूपले विद्यमान रहन्छ** र फलले ब्रह्मात्म स्वरूपको स्पष्ट (बुद्धिपूर्वक) अनुभव संभव हुन्छ । यसलाई असम्प्रज्ञात किम्वा निर्विकल्प समाधि भनेको छ । त्यसकारण असंप्रज्ञात समाधि हो सुषुप्ति अवस्थादेखि भिन्न । सुषुप्ति अवस्थामा बुद्धि विद्यमान रहँदैन किन्तु कारण अविद्यामा लीन भइहाल्छ । यो अद्वैत अनुभव हो साक्षीको प्रत्यक्ष र समाधि दशामा बुद्धिको अज्ञात ।

प्रश्न—वृत्ति शब्दको अर्थ के हो ?

उत्तर—वृत्ति शब्दको अर्थ हो दुई प्रकार—(१) चित्तको विकार किम्वा परिणाम (जो सम्प्रज्ञात समाधिमा रहन्छ) र (२) विकाररहित चित्तको चैतन्य स्वरूपमा लीन रूपले स्थिति (वर्त-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानता) जो असम्प्रज्ञात समाधिमा रहन्छ। विकाररहित चित्तको ब्रह्मरूपले अवस्थिति (ब्रह्माकार किम्वा अखण्डाकार वृत्ति) अत्यन्त सूक्ष्म अर्थलाई द्योतन गर्नुको निमित्त वेदान्त शास्त्रमा प्रयुक्त भएको छ। त्यो ब्रह्मवेत्ता गुरुवाट बुझिलिनु पर्दछ।

गीता (६।२५) मा उक्त भएको छ कि मनलाई परमात्मामा निश्चल रूपले स्थापन पूर्वक अरू केही पनि चिन्ता नगर्नु; किनकि आत्माकार वृत्ति उत्पन्न भए (त्यो साक्षिभाष्य भएको हुनाले) त्यो ध्येयमात्राकार वृत्ति सम्यक् ज्ञात भैहाल्छ—अर्थात् सम्प्रज्ञात समाधि प्राप्त भैहाल्छ, र त्यसको फलले असम्प्रज्ञात समाधि हुन्छ। अनात्माकार वृत्ति उत्पन्न भए समाधिबाट उत्थान भइहाल्छ (सम्प्रज्ञात समाधि पनि रहदैन)। त्यसकारण सर्वाकारवृत्ति रहित गरीकन वुद्धिलाई ब्रह्ममात्र रूपले स्थित राख्नु पर्दछ। अर्थात् असम्प्रज्ञात समाधिलाई स्थिर राख्नु पर्छ। विकाररहित बुद्धिको यसप्रकार ब्रह्मरूपले अवस्थिति हो अखण्ड एक रस सच्चित् सुख सागर परब्रह्ममा चित्तको लीनता।

उपनिषद् (मुक्तिको पनिषद्) मा भनिएको छ कि चित्तका सवै प्रकारका वृत्तिहरू प्रशमित भए चित्तले परमानन्दलाई प्रकटित गरिदिन्छ, त्यसलाई असम्प्रज्ञात समाधि भनेको छ।

अरू (मैत्रायणी) उपनिषद्मा भनिएको छ कि समाधि द्वारा बुद्धि निर्मल भएर (वृत्ति शून्य भएर) चैतन्य स्वरूपमा स्थित भएपछि (बुद्धि ब्रह्म मात्र रूपले अवस्थित भएपछि) जो सुख अनुभूत हुन्छ, त्यसको त्यो वेला वाक्यबाट वर्णन गर्न सकिदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो समाधिस्थ पुरुष आफूले स्पष्ट (बुद्धि द्वारा) अनुभव गरिहाल्छ। समाधि अवस्थामा जो चित्त ब्रह्ममा स्थित हुन्छ, त्यसको सात्विक अंशमा अनुभविता पुरुष र तामसिक अंशमा अनुभाव्य ब्रह्म सुख विद्यमान रहन्छ।

यसरी असम्प्रज्ञात समाधिमा आत्मसाक्षात्कार भइहाल्छ! शंकराचार्य भन्नुहुन्छ—निर्विकल्प समाधि द्वारा निश्चित रूपले ब्रह्मस्वरूपको स्पष्ट ज्ञान हुन्छ। अरू कुनै प्रकारले यस्तो वोध संभव छैन। किनकि मनको स्वभाव चञ्चल भएको हुनाले निर्विकल्प समाधि प्राप्तिको पहिले अनात्म वस्तुसित मिश्रित रूपले आत्म-स्वरूपको सामान्य अनुभव हुन सक्छ।

ध्यान—(१) सम्पूर्ण जगत प्रपञ्चको सार जो चित्सुख स्वरूप एक अद्वितीय सद् वस्तु हो त्यही नै हो मेरो वास्तव स्वरूप—यस प्रकार म अनुभव (ध्यान) गर्दछु।

सम्प्रज्ञात समाधि—(२) त्यो अनुभव अविच्छिन्न रूपले चलि-राखेको छ, तर 'म ध्यान गर्छु' यस प्रकार वोध छैन।

असम्प्रज्ञात समाधि—(३) त्यसपछि ध्येय, ध्यान आदि वृत्ति, (त्रिपुटी) युक्त चित्तलाई त्यसको साक्षीमा विलीन गरिदिनु। चित्त सद् वस्तुरूपले विद्यमान रहन्छ र समाधिस्थ पुरुष ब्रह्मस्व-रूपमा स्थित भएर (ब्रह्मदेखि अभिन्न भईकन) आफ्नो ब्रह्म स्वरूपको स्वतः अनुभव गरिरहन्छ।

असम्प्रज्ञात समाधिको परिपाक—(४) चिदात्मामा विलीन भएको चित्तलाई नचलाउनु (चिदात्मामा विलीन राखिछाडनु) र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिपूर्ण निश्चल समुद्र झैं पूर्ण ज्ञान स्वरूपमा अवस्थान गरिराख्नु। यो हो निर्विकल्प समाधिको परिपाक।

असम्प्रज्ञात• समाधिलाई स्थिर राख्नु (साक्षात्कार—(५) यसरी समाधि-युक्त भएर इन्द्रियहरू र क्रोध आदिलाई जय गरीकन (किनकि जगत् चैतन्य स्वरूपमा विलापित भैसकेको छ) अद्वितीय आत्मालाई दर्शन गरिहाल्नु। यो हो **योगको प्रणाली**।

विचार द्वारा पनि चित् र जड यी दुईटालाई पृथक् गरेर जड देखि भिन्न चैतन्य स्वरूप आत्माको स्वतः साक्षात्कार प्राप्त हुन्छ। यो हो **ज्ञान प्रणाली**।

●

छैठौं दिन—विचार द्वारा साक्षात्कार

चित्त हो सत्य :—जो मध्यमाधिकारीं पुरुष चित्तलाई सत्य भनी मान्दछ त्यो राजयोगको अभ्यास बाट क्रम क्रमले आत्मसाक्षात्कार प्राप्त गरिहाल्छ।

चित्त हो मिथ्या :—तर जो उत्तमाधिकारी मुमुक्षु पुरुष चित्तलाई रज्जु स्वरूप झैं आत्मस्वरूपमा कल्पित जान्दछ, त्यसले विचार-बाट साक्षात्कार प्राप्त गर्दछ। योगाभ्यासमा प्रयत्न अधिक गर्नु पर्छ, तर ज्ञान मार्गमा साक्षात्कार सजिलोसंग नै प्राप्त भैहाल्छ। विवेक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विना विचार सम्भव छैन। विचार हो विवेकको अवश्यम्भावी फल। विचार द्वारा अनायासले सम्यक् ज्ञान प्राप्त हुन्छ।

प्रश्न—यस्तो निर्णय वेदान्त शास्त्रमा छ कि ?

उत्तर—शाङ्कर वाशिष्ठ वेदान्तमा यी दुई मार्गको कुरा स्पष्ट रूपले बताएको छ। अष्टावक्र संहिता हो केवल ज्ञान मार्गमा आधारित। यहाँ हामी क्रमपूर्वक देखाउँछौं।

●

ज्ञान वाशिष्ठ

योग वाशिष्ठ उपशम प्रकरणमा वशिष्ठ भन्नु हुन्छ कि जस्तो आगोमा उष्णता छ त्यस्तै चित्तमा स्पन्दन, चलन, स्फुरण, संकल्प, परिणाम किम्वा वृत्ति हुन्छ। चित्त र वृत्ति यी दुवै हुन् अभिन्न (एकै वस्तु)। यिनीहरूको भित्र एउटा नष्ट भए दुवै नष्ट भैहाल्छ। चित्तलाई नाश गर्नुको दुई प्रणाली (क्रम किम्वा उपाय) छन् :—योग र ज्ञान। योग हो चित्तवृत्तिलाई निरोध गर्नु (बन्द गरिदिनु असंप्रज्ञात समाधि) र ज्ञान हो सम्यक् रूपले विचार द्वारा वस्तु-स्वरूपलाई देखिहाल्नु।

आत्मा (आफ्नो वास्तव स्वरूप) हो परमार्थ सत्य अखण्ड प्रकाशरूप र आनन्दरूप, यस्तो निश्चयलाई सम्यक् ज्ञान भन्द-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छन् । यी जो दृश्यमान देह, मन र बाह्य पदार्थहरू हुन्, यिनीहरू हुन् परमार्थ अद्वितीय आत्म वस्तु, आत्मस्वरूप देखि भिन्न होइनन् । यसप्रकार जान्नुभाई सम्यक् ज्ञान भनेको छ । सम्यक् दर्शी मानिसको मोक्ष प्राप्ति हुन्छ र असम्यक् दर्शी पुरुषको बन्धन हुन्छ । जस्तो डोरीमा असम्यक् दर्शीका लागि सर्प देखिन्छ र सम्यक् दर्शीले डोरी देख्दछ । त्यस्तै सर्व-संकल्परहित केवल शुद्ध चैतन्य परमात्मा नै विद्यमान छ, यस्तो जो जान्दछ, त्यो पुरुष ज्ञानवान् भनी कहिएको छ । आत्मतत्व सदैव आफ्नो वास्तव स्वरूपमा स्थित भैरहेको छ । उसमा कुनै द्वैत पदार्थको दर्शन सम्भव छैन । यस्तो जान्नुलाई नै सम्यक् ज्ञान भनेको छ । आत्मा हो परिपूर्ण । उसमा भाव-अभाव, बन्ध-मोक्ष केही पनि छैन । एक पनि छैन, द्वैत पनि छैन । ब्रह्म-स्वरूप नै आफूमा स्थित छ । यसप्रकार अखण्ड चैतन्य प्रकाशमा बन्धन किम्वा मोक्ष कसरी सम्भव होला ? यस्तो जो आत्मस्वरूपमा अलिकति मात्र पनि भेद रहन सक्दैन, त्यहाँ कल्पना कहाँबाट उठला ?

प्रश्न—देहादि पदार्थ त प्रत्यक्ष देख्नमा आइरहेको छ, तब त्यो छैन भन्नु कसरी बन्छ ?

उत्तर—कुनै वेला पदार्थ देखिन्छ, तापनि परवर्ती कालमा देखिदैन । पदार्थ सत्य भए त्यसको अभाव नहुने थियो । तर पदार्थ जब प्रतीत हुन्छ (किनकि त्यो हो वृत्तिरूप मात्र) तब पनि पदार्थ प्रतीति आत्मसत्ता (साक्षी चैतन्य) द्वारा सिद्ध हुन्छ । पदार्थको अभाव पनि साक्षीबाट प्रकाशित हुन्छ—आत्मसत्ता नै परिशिष्ट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहन्छ । यसप्रकार अन्वय व्यतिरेकबाट एक मात्र आत्मस्वरूप नै सिद्ध हुन्छ, पदार्थ सिद्ध हुँदैन ।

प्रश्न—तब पदार्थ कहाँबाट आउँछ र कसरी भासमान हुन्छ ?

उत्तर—पानी जस्तो द्रवतालें नाना प्रकार तरंग बुद्-बुद् भएर भासदछ तर तिनिहरू सबै हुन् जलरूप नै, पानी देखि भिन्न केही होइन, त्यस्तै चित्तको स्फुरणवशात् नाना प्रकारका पदार्थहरू भासमान हुन्छन् तर तिनीहरू सब हुन् केवल आत्मरूप । आत्मसत्तादेखि अतिरिक्त केही हैन । एक आत्मतत्व नै सदैव आफ्नो स्वरूपमा स्थित भइरहेको छ ।

प्रश्न—यो जानेर संसार त हराउँदैन ।

उत्तर-संसार यदि वास्तव हुनेथियो तब त्यो कुनै कालमा पनि हराउने थिएन । संसार त स्वप्न र सुषुप्तिमा हराइहाल्छ । तिमी यदि परमार्थ अद्वितीय आत्मस्वरूपको निश्चय गरेर उसमा स्थित भैहाल्छौ (त्यो हो तिम्रो यथार्थ स्वरूप, यस्तो निश्चयगर्छौं—यसैलाई नै विचार भनेको छ) तब तिम्रो चित्त नष्ट भइहाल्छ र सम्पूर्ण जगत प्रपञ्च हराइहाल्छ । ठीक जस्तो निद्राबाट जागेपछि स्वप्नको सारा प्रपञ्च नष्ट भैहाल्छ ।

प्रश्न—चित्त अलि कालको लागि नष्ट भए तापनि फेरि संकल्प विकल्प उठिहाल्छ, त्यसको निराकरण कसरी गर्नु पर्छ ?

उत्तर—तिमीले त चित्तको मिथ्यात्व पक्षलाई स्वीकार गरेकाछौ । चित्त विना त सुषुप्तिमा सबै अवस्थान गर्छन् । त्यसकारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संकल्प-विकल्प उठे तापनि तिनीहरू तिमी बाटै प्रकाशित हुन्छन् । तिनीहरू तिमीदेखि भिन्न हुन सक्दैनन् । त्यसकारण तिमी तिनीहरूलाई भिन्न वस्तु भनीकन तिनीहरूसित नमिल । किन्तु तिमी अद्वितीय साक्षी स्वरूपमा नै स्थित भैराख । यसरी सारा दृश्यबाट विविक्त (पृथक् भूत) भईकन आफ्नो शुद्ध चैतन्य स्वरूप-लाई ग्रहण गरे (स्मरण गरे) पछि तिमी संसारको कुनै अवस्थामा पनि व्याकुल हुँदैनौ । आफ्नो वास्तव स्वरूपमा स्थित रहनुको नाम हो दृढ विचार ।

भगवान गौडपादकृत माण्डूक्य कारिका अद्वैत प्रकरण २९ सौं श्लोकबाट हामीं शुरू गर्छौं । डोरीमा कल्पित सर्प जस्तो डोरी रूपले प्रतिभात हुन्छ, त्यस्तै आत्मामा कल्पित मन नै जगतमा ज्ञाता ज्ञेयरूपले भासमान भईकन दर्शनादि कार्य गरिरहन्छ । मनको यो नाना आकारमा जो स्पन्दन हो त्यो वास्तविक होइन । कल्पित मनबाट देखिएको यो द्वैत प्रपञ्च हो मनो-रूप, किनकि मन भए द्वैत प्रतीत हुन्छ र मनको अभाव कालमा (जस्तो सुषुप्ति अवस्थामा) कुनै दृश्यको दर्शन हुन सक्दैन । विवेक र वैराग्यको सहाराबाट मन अमन भए (अधिष्ठान चैतन्यस्वरूपमा कवलित भए) जब द्वैतको उपलब्धि हुँदैन, तब द्वैत असत्य भइहाल्छ । मनले जब चैतन्य स्वरूप आत्मालाई जान्दछ, तब द्वैतविषयक सारा संकल्पलाई परित्याग गरिहाल्छ र ग्रहणविषयक चिन्तालाई परित्याग गरेर अमनी भाव (संकल्प-राहित्य) दशालाई प्राप्त गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्न—सम्पूर्ण द्वैत यदि असत् हो तब आत्मस्वरूपलाई को जान्ला ?

उत्तर—ज्ञान स्वरूप ब्रह्म हो ज्ञेय वस्तुदेखि अभिन्न। जस्तो आगो उष्णतादेखि भिन्न हैन, त्यस्तै ज्ञेय ब्रह्मदेखि भिन्न हुन सक्दैन। त्यो ज्ञेय स्वरूप आत्मतत्व स्वयं नै आफू नित्य चित्प्रकाश-बाट अवगत हुन्छ। अर्थात् एक ज्ञान नै (ज्ञानस्वरूप परमार्थ अद्वितीय वस्तु नै) हो ब्रह्म स्वरूपमा ज्ञेय र स्वरूपतः ज्ञाता। नित्य प्रकाश स्वरूप सूर्य जस्तो आफ्नो प्रकाशको निमित्त अरू कुनै प्रकाशको अपेक्षा गर्दैन त्यस्तै आत्मा हो नित्य ज्ञानस्वरूप, त्यस-कारण आफूलाई प्रकाश गर्नका लागि अरू ज्ञानको अपेक्षा राख्दैन।

यो अद्वैत आत्मस्वरूप सदैव प्रकाशमान भइराखेको छ। यो सर्वदा प्रकाश स्वरूप भएको हुनाले यसको आविर्भाव र तिरोभाव रूप अप्रकाश (यसलाई ग्रहण नगर्नु किम्वा यसलाई विपरीत रूपले ग्रहण गर्नु) रहन सक्दैन। यो आत्मा सर्व पनि हो र ज्ञान स्वरूप पनि हो। त्यसकारण यो हो सर्वज्ञ। यसमा समाधि-चिन्ता आदि कुनै कर्तव्य कर्म सम्भव छैन।

प्रश्न—तब समाधि शब्दको अर्थ के हो ?

उत्तर—आफ्नू परमार्थ अद्वितीय सच्चित् सुखरूपको साक्षात् अनुभव किम्वा साक्षात्कार हो समाधि शब्दको अर्थ। यो योगमार्ग-को चित्तनिरोध रूप निर्विकल्प समाधि होइन। वेदान्त मार्गको यो समाधि विवेक र द्वैत निराकरणमा आधारित छ। आत्मस्वरूप-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाई समाधि भनेको छ। किनकि आत्मस्वरूपमा नै चित्तलाई एकाग्र गरिन्छ।

प्रश्न—मनलाई त आत्मसंस्थ गर्नुपर्ला ?

उत्तर—चिन्ताको साधन जो मन हो त्यो आत्मस्वरूपमा नभएको हुनाले कुनै प्रकारको चिन्ता नै आत्मामा सम्भव छैन। यसरी आत्मालाई जाने पछि दाउराको अभाव भए जस्तो आगाको उष्णता अग्नि रूपमा अवस्थित हुन्छ त्यस्तै ज्ञातव्य विषय नभएको हुनाले ज्ञान पनि आत्मस्वरूपमा नै अवस्थित हुन्छ। अर्थात् मन आत्मसंस्थ भैहाल्छ।

प्रश्न—यो आत्मज्ञानलाई योग भन्छन् कि ?

उत्तर—यद्यपि ज्ञानस्वरूप आत्मा हो सबै अनर्थको निवर्तक तापनि कुनै प्रकारको विषयको सम्बन्ध रूप स्पर्श नभएको हुनाले त्यो अस्पर्शयोग नामले उपनिषद् शास्त्रमा प्रसिद्ध छ। प्रमाता भाव नष्ट भैहाल्छ यस्तो डरले अविवेकी योगीहरू यो योगबाट टाढा रहन्छन् र चित्त निरोधमा प्रयत्न गर्छन्। यिनीहरू हुन् मध्यमाधिकारी।

प्रश्न—अस्पर्शयोगको लक्ष्य के हो ?

उत्तर—मन आत्मस्वरूप देखि भिन्न कुनै वस्तु होइन। किन्तु मन हो रज्जु-सर्प झैं आत्मस्वरूपमा कल्पित (मिथ्या)। अथवा मन हो आत्मस्वरूप नै यो देखाउनु हो अस्पर्श-योगको लक्ष्य। अज्ञानवशात् (यो नजानेको हुनाले) मानिस मनलाई आत्मस्वरूपदेखि भिन्न भनी मान्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी मन कुनै कल्पित विषयको आकारमा आकारित हुनमा-उँदैन, किन्तु स्वतः ब्रह्म स्वरूपमा अवस्थित भइरहन्छ। आत्माको यस्तो स्वतः सिद्ध अनुभवमा (अस्पर्शयोगमा) मन आफ्नो चैतन्य स्वरूपमा नै स्थित भइरहन्छ। विवेक द्वारा दृश्यको निरसन भएमा नै मन चिद्रूपमा अनुभूत हुन्छ। पारमार्थिक सुख (निरतिशय आनन्द) आफ्नो आत्मस्वरूपमा नै नित्य विद्यमान रहन्छ। यो वैषयिक सुख झैं उत्पन्न हुँदैन। यसकारण यो हो अजन्य सुख। यसमा भोक्ता भोग्य भेद रहँदैन। यो अजन्य सुख ज्ञेय ब्रह्मदेखि स्वतंत्र होइन। यो अद्वैत आत्मस्वरूपको अनुभव कुनै भिन्न साधनको अपेक्षा गर्दैन (माण्डूक्य-कारिका अद्वैत प्रकरण श्लोक ४७ हेर्नु)।

●

सातौं दिन—विचार द्वारा साक्षात्कार

ज्ञान वाशिष्ठ र माण्डूक्य-कारिकाको आलोचना अनन्तर हामी ऐले अष्टावक्र गीताको विशेषरूपले विवेचना गर्दछौं।

अष्टावक्र जनकलाई भन्नुहुन्छ—हे जनक, यदि तिमी देहलाई पृथक् गरेर शुद्ध चैतन्य तिम्रो आफ्नो वास्तव स्वरूपमा स्थित रहन्छौ तब ऐले नै सारा बन्धनबाट मुक्त भएर चिर सुखी भइहाल्छौ।

प्रश्न—देहलाई कसरी पृथक् गर्नु बन्दछ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तर—आत्मस्वरूप हो आगमापायी देह र मन देखि पृथक् (देह र मनको प्रकाशक)। सुषुप्तिमा देह, मन र जगत् रहँदैन, किन्तु तिमी विद्यमान रहन्छौ। त्यसकारण तिम्रो आफ्नो यथार्थ स्वरूपलाई स्मरण गरीकन तिमी देहाभिमान परित्यागपूर्वक किन साजिलो सित अवस्थान गर्न नसक्ने ? यसैको नाम सम्यक् ज्ञान हो।

जनकलाई फेरि पनि भन्नुहुन्छ—तिमी हौ सम्पूर्ण दृश्य प्रपञ्चको एक मात्र द्रष्टा, त्यसकारण तिमी हौ नित्यमुक्त। तिमी सम्पूर्ण जगतको साक्षी (प्रकाशक) भईकन पनि आफूलाई अरू (त्रिपुटी दृश्यको अन्तःपाती कर्ता, भोक्ता, प्रमाता) भनी मान्दछौ। भ्रमले यस्तो मान्नु नै हो तिम्रो बन्धन (बन्धन भन्ने अरू केही पनि होइन)। अष्टावक्र फेरि जनकलाई भन्नुहुन्छ—जो चैतन्य स्वरूपमा यो सम्पूर्ण जगत् रज्जुमा सर्प झैं कल्पित भएको छ, त्यो परमानन्द स्वरूप हो तिमी। त्यसकारण तिमी सुखपूर्वक बस।

प्रश्न—यस्तो सुन्नु मात्रले ज्ञान हुन्छ कि ?

उत्तर—नसुन्नु नै हो अज्ञान। वस्तु हो परमार्थ अद्वितीय, सर्वदा प्रकाशमान अखण्ड आनन्द। साधारण मनुष्य यो आफ्नो वास्तव स्वरूपलाई विर्सेर स्वप्नमा जस्तो मानिस नाना प्रपञ्च-लाई मिथ्या नै देख्छ त्यस्तै जाग्रतमा पनि देहादि संसाररूप नाना पदार्थलाई कल्पना गरिरहन्छ। केवल चित्तसित मिलेको हुनाले नै त्रिपुटी उत्पन्न हुन्छ र भूलले जीव यो त्रिपुटी भित्र एउटालाई (छाया प्रमातालाई) आफ्नो स्वरूप भनी मानेर कर्ता भोक्ता भनी व्यर्थ अशेष दुःख अनुभव गरिरहन्छ। त्यो जब दयालु गुरुबाट आफ्नो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वपरूको बारेमा श्रद्धा र विचारपूर्वक स्वरूपलाई ग्रहण गर्छ तब उसको सारा दुःख निवृत्त भैहाल्छ र त्यो अनायासले सुखरूप आत्मामा अवस्थित हुन्छ। कृतार्थ हुनलाई कुनै क्रियाको प्रयोजन छैन। सारा मानिस हो वास्तवमा सधैं कृतकृत्य। केवल प्रमाता भाव र प्रमेय जगत हो स्वप्न प्रपञ्च झैं मिथ्या, यस्तो श्रद्धापूर्वक ग्रहण गर्नु पर्दछ। सुन्ने वित्तिकै यो संभव हुन्छ।

प्रश्न—सुने पछि पनि त बुद्धिपूर्वक आत्मस्वरूपलाई जान्नु वाँकी रहन्छ ?

उत्तर—यो ठीक होइन, सुने पछि श्रद्धाले ग्रहण हुन्छ र केही पनि वाँकी रहँदैन। जसलाई बुद्धि भनिन्छ त्यो आत्मस्वरूप नै भएको हुनाले (किनकि बुद्धि आत्मस्वरूपमा आरोपित भएको हो) आत्मस्वरूपमा स्थित हुनु नै हो बुद्धिपूर्वक जान्नु। जान्नु क्रियारूप हैन, किन्तु प्रकाश स्वरूपमा प्रवेश गर्नु हो, अर्थात् म प्रमाता हैन, किन्तु म प्रकाश स्वरूप हुँ यस्तो निश्चय गर्नु हो जान्नु। भूल नष्ट भएमा नै (यो केवल श्रद्धाबाट सम्भव हुन्छ) आफ्नो अनपायी स्वरूप प्राप्त भैहाल्छ। फलले आफ्नो परमार्थ स्वरूप प्राप्त भए (भूलले मात्र त्यो अप्राप्त थियो) बुद्धि आदि कुनै कल्पित पदार्थ प्राप्त रहला ? तिमी पनि श्रद्धा गरे पछि यो रहस्य अनुभव गर्न सक्छौ। केवल अश्रद्धाले मानिस दुःख पाइरहन्छ र व्यर्थ संसारमा डुविरहन्छ।

अष्टावक्र फेरि भन्नुहुन्छ—हे जनक ! तिमी ह्वौ देह मन सारा पदार्थ सित संग रहित, निष्क्रिय, स्वप्रकाश र अज्ञान-वर्जित। तिम्रो समाधि अभ्यास गर्नुको जो इच्छा हो त्यही नै हो तिम्रो बन्धन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्न—समाधि त शस्त्रमा ज्ञानको साधन रूपले उपदिष्ट भएकोछ।

उत्तर—त्यो त केवल मध्यम अधिकारीका लागि उपदिष्ट भएको छ। उत्तमाधिकारीले श्रद्धापूर्वक वस्तु स्वरूपको बारेमा सुनेर ग्रहण गर्छ र भूलको निरसन गरीकन स्वतः परमार्थ स्वरूपमा अवस्थित भैहाल्छ।

फेरि जनकलाई भन्नुहुन्छ—सम्पूर्ण दृश्य प्रपञ्च हो कल्पना मात्र र तिम्रो वास्तव स्वरूप हो नित्यमुक्त यस्तो जाने पछि कुनै प्रकार-को अज्ञान वाँकी रहँदैन। जब सम्म यो जानिदैन तब सम्म समाधि आदि क्रियाको प्रयोजन हुन्छ।

प्रश्न—जान्नु केलाई भन्छन् ?

उत्तर—सुन्नु र श्रद्धापूर्वक ग्रहण गर्नु (तदनुरूप निश्चय गर्नु)। आफ्नो वास्तव चिदानन्द स्वरूप हो सबैको सधैं प्राप्त। कुनै क्रिया (उपासना समाधि आदि) द्वारा त्यसलाई प्राप्त गर्नु पर्दैन। त्यो हो सबै क्रियाको अविषय र ज्ञानको पनि अविषय। किनकि त्यो वास्तवमा ज्ञेय वस्तु हैन। यसको कारण यो हो कि त्यो हो ज्ञाता पुरुष को वास्तव स्वरूप। त्यसलाई ज्ञान द्वारा प्राप्त गर्नु बन्दैन। त्यो सधैं प्राप्त भैराखेको छ। भ्रान्त प्रमाता भावको निवृत्ति भएमा नै आफ्नो वास्तव सनातन स्वरूप स्वयं प्रकाशित भइहाल्छ। जो आफ्नो वास्तव ज्ञानस्वरूप (प्रकाश स्वरूप) भूलले (नसुनेको हुनाले) आच्छादित थियो, त्यो सुनेर श्रद्धापूर्वक ग्रहण गरे पछि फेरि निरावण स्वयं प्रकाशित भइहाल्छ। यसरी स्वतः आफ्नो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वास्तव स्वरूपमा स्थित हुनु हो जान्नु शब्दको अर्थ—अर्थात् ज्ञान स्वरूप हुनु। ज्ञान स्वरूप नै सधैं विद्यमान थियो। पहिले आच्छादित भएको हुनाले देख्नमा आएको थिएन, ऐले श्रद्धापूर्वक सुन्नाले स्पष्ट रूपले अनुभूत हुन्छ। यसैलाई साक्षात्कार भनेको छ। केवल भ्रम निवृत्त भएमा नै यो स्वतः प्राप्त भैहाल्छ। यसलाई कुनै क्रिया द्वारा कुनै साधन द्वारा सिद्ध गर्नु पर्दैन।

प्रश्न—साक्षात्कार कसरी प्राप्त हुन्छ? संक्षेपले बाताउनुहोस्।

उत्तर—अष्टावक्रले जनकलाई भन्नुभयो—हे जनक! केवल प्रमाता आदि भूलको निवृत्ति भएमा आफ्नू वास्तव स्वरूपको साक्षात्कार प्राप्त हुन्छ।

प्रश्न—ब्रह्म स्वरूपको प्राप्ति कसरी हुन्छ?

उत्तर—जनकलाई अष्टावक्र भन्नुहुन्छ—जो अज्ञानी मानिस ब्रह्म हुन र ब्रह्म स्वरूपलाई प्राप्त गर्न इच्छा गर्छ त्यसलाई ब्रह्म प्राप्त हुँदैन। किन्तु बुद्धिमान पुरुष इच्छा नगरे तापनि आफ्नो सनातन स्वरूपलाई प्राप्त गरिहाल्छ।

प्रश्न—यो कसरी सम्भव हुन्छ?

उत्तर—आफ्नो ब्रह्म स्वरूप हो सधैं प्राप्त, केवल भूलले मानिस आफूलाई शुद्ध चैतन्य स्वरूपदेखि भिन्न प्रमाता (कर्ता, भोक्ता) भनी मान्दछ र दृश्य जगत्प्रपञ्चमा सत्यताबुद्धि गरीकन क्रिया कारकादिपूर्वक नित्य प्राप्त स्वरूपलाई प्राप्त गर्ने इच्छा गरिरहन्छ। तर भूलको भित्र बसेर परमार्थ सत्य वस्तुको प्राप्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कहिले पनि सम्भव छैन। त्रिपुटी (सारा दृश्य प्रपञ्च) हो आफ्नू चैतन्य स्वरूपको छाया मात्र। त्यसकारण सर्वथा मिथ्या। यस्तो गुरु शास्त्रबाट श्रद्धापूर्वक सुने पछि भ्रम स्वतः निवृत्त भैहाल्छ र आफनो वास्तव आनन्द स्वरूप स्वयं प्रकाशित हुन्छ।

प्रश्न—प्रयत्न गरे तापनि किन साक्षात्कार प्राप्त हुँदैन ?

उत्तर—अष्टावक्र भन्नुहुन्छ—जो आफूलाई प्रमाता भनी निश्चय गरेर प्रमेय पदार्थलाई जान्नका लागि तत्पर रहन्छ—किम्वा आफू भिन्न भैकन आत्मस्वरूपलाई जान्ने इच्छा गर्छ—त्यसले आत्मस्वरूपलाई जान्न सक्दैन। यसको कारण यो हो कि प्रमाता हो आफू चैतन्य स्वरूप नै। जस्तो सर्प हो डोरी स्वरूप। त्यसकारण मुमुक्षु जब भ्रमसिद्ध आफनो प्रमाता आदि त्रिपुटी भावलाई मिथ्या भनी जानेर परित्याग गर्छ (यो श्रद्धाबाट नै सम्भव हुन्छ) तब नै समाधि आदि कुनै प्रयत्न विना स्वतः आफ्नू सनातन चिदानन्द स्वरूपमा प्रतिष्ठित भइहाल्छ।

प्रश्न—तब शास्त्रमा समाधि किन उपदिष्ट भएको छ ?

उत्तर—चैतन्य स्वरूपमा चित्त डुवाइदिनका लागि। जो मध्यमाधिकारीले चित्तलाई सत्य भनी निश्चय गरेको छ त्यसलाई क्रम क्रमले चित्तलाई वृत्तिरहित तुल्याएर चित्तको अभाव किम्वा चिद्रूपता प्राप्ति सम्पादन गराउनका लागि गुरु शास्त्र समाधिको उपदेश दिनुहुन्छ। परिणामले परिशिष्ट अद्वैत सुख स्वरूप स्वयं नै प्रकाशित भइहाल्छ। ज्ञाता र ज्ञेय रहनु सम्म साक्षात्कार सम्भव छैन। ज्ञाता आदि त्रिपुटी भावको निरसन (मिथ्यात्व

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निश्चय) भएमा नै आत्मा स्वयं प्रकाशित हुन्छ। साक्षात्कार चित्तको कुनै वृत्तिरूप होइन अर्थात् म आफूलाई जान्दछु यस्तो जान्नु होइन, किन्तु परमार्थ आफ्नू अद्वितीय स्वप्रकाश अखण्ड सुख स्वरूपको त्रिपुटीरूप सारा द्वैत प्रपञ्च निषेधको अधिष्ठान रूपले अवशेष हो।

प्रश्न—तब मैले स्वरूपलाई जानेको छु यसप्रकार अनुभव कसरी संभव हुन्छ ?

उत्तर—म भन्नाले नित्य आत्मालाई नै बुझाउँछ। आत्म-सत्ताको कुनै समयमा अभाव हुन सक्दैन। किनकि भाव किम्वा अभावको प्रकाशक हो आत्मा (साक्षी चैतन्य)। त्यसकारण म सधैं विद्यमान छु। 'जानेको छु' यसले ज्ञानस्वरूप (निरुपाधि प्रकाश रूपता) लाई बुझाउँछ। त्यसैले नित्य सत्स्वरूपको अवशेष रहनु र मैले स्वरूपलाई साक्षात् जानेको छु यसप्रकार अनुभव हो एकै वस्तु। अनुभविता अनुभाव्य पृथक् पृथक् वस्तु होइन। किन्तु एक अनुभव स्वरूपमा कवलित भैहाल्छ र चैतन्य स्वरूप आत्मा नै परिशिष्ट रहन्छ। ठीक जस्तो सुषुप्तिकालीन अनुभवमा सुषुप्त पुरुष र सुखभोग कवलित हुन्छ र म सुखपूर्वक स्थित थिएँ यस्तो स्मरण सम्भव हुन्छ, त्यस्तै।

शाङ्कर वाशिष्ठ वेदान्त-रहस्य समाप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट

[चिठ्ठी]

कलकत्ता आश्विन ६,०२८

परम प्रिय देवेश्वर,

तिम्रो भाद्र २१, २८ र ३१ गतेको चिठ्ठी र त्यसको पहिले गंगाराम सित सम्वादको चिठ्ठी वेलामा पाएँ। यो तीन चिठ्ठी यति-राम्रो र भक्ति, विचार, अनुभवबाट पूर्ण छ कि म पढीकन धेरै प्रसन्न भएको छु। यति लाँवो र यति सार कुराले भरिभराउ चिठ्ठी अरूले लेख्न सक्दैन।

काशी-यात्राको बारेमा जानेर खुशी लागेको छ। आदर्श महात्माको सुझाव राम्रो छ।

तिमी किताब हेरिराखेको र अनुसन्धान गरिराखेका छौ, जानेर खूब खुशी लाग्यो। तब मात्र वेदान्तको कुरा थाहा हुन्छ। निगमानन्दको संघमा भाषणको बारेमा तिमीलाई लेखेको थिएँ— ज्ञान-योग्यता केलाई भन्दछन् ? शुद्धचित्त पुरुष ज्ञानको योग्य हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यहाँ तीन भूमिकाको कुरा छ—(१) ज्ञानयोग्यताको पहिलेको भूमिका, (२) ज्ञानयोग्यता (गीता १३ अध्याय) र (३) ज्ञान-प्राप्ति, (गीता १८ अध्याय)।

भूमिका (१) हो चित्तको अशुद्धि। संसारी मानिसको भूमिका। यिनीहरूको चित्त केवल द्वैत प्रपञ्चमा फँसिराखेको छ। भूमिका (२) हो ज्ञानयोग्यताको। यस्तो पुरुष आफूलाई प्रमाता, कर्ता, भोक्ता भनी निश्चय गर्दैन। यस्तो पुरुष मधुसूदन सरस्वती जस्तो सगुण भक्त पनि हैन। शुद्धचित्त पुरुष हो परिपक्व निर्गुणभक्त (अभ्यस्त चतुर्थी-भक्तियुक्त)—आफ्नो चैतन्य स्वरूपको बारेमा निश्चय-युक्त। यस्तो महात्मा पुरुषले **आफूलाई चित्तवृत्तिको साक्षी भनी स्पष्ट रूपले अनुभव गरिरहन्छ।** कारण के हो ? यिनीहरू हो परिपक्व निर्गुण भक्त। ईश्वरले जस्तो जगतलाई प्रकाश गरिरहन्छ, त्यस्तै यो पनि आफूलाई मनको सारा वृत्तिहरूको साक्षी भनी (क्षेत्रज्ञ भनी) अनुभव गरिराख्छ।

प्रश्न—यो दुई भूमिकाको भेद के हो ?

उत्तर—अशुद्धचित्त (संसारी) मानिस आफूलाई प्रमाता भनी निश्चय गर्छ। त्यसले जगत् (भिन्न-भिन्न विषय) लाई जान्न खोज्दछ। त्यो आफू ज्ञाता बनेर ज्ञेय देहादि पदार्थलाई प्राप्त गरीकन सुखी दुःखी बन्दछ। ज्ञानयोग्य पुरुष आफूलाई सुख दुःख-को प्रकाशक भनी अनुभव गर्दछ। प्रकाश्य वस्तुदेखि आफूको अलग पन स्पष्ट अनुभव गर्दछ। त्यसले मनको साक्षिभावलाई सधैं समाति-राख्दछ। आफूलाई सुखी दुःखी भनी अनुभव गर्दैन (जस्तो धर्म-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निष्ठले आपद्मा पनि आफ्नो साक्षीको बारेमा होश छाडेको थिएन)। संसारी मानिस ज्ञेय प्रपञ्चलाई साँचो भनी निश्चय गर्दछ। ज्ञानयज्ञेय पुरुष आफ्नो चैतन्य स्वरूपमा बसिरहन्छ। **वासना वशात् चित्तवृत्ति उठे पनि** आफूलाई प्रकाशक (क्षेत्रज्ञ) भनी निश्चय गर्दछ।

प्रश्न—साक्षी भनी अनुभव गर्नुको साधन के हो ?

उत्तर—'म हुँ चित्तवृत्तिको साक्षी (आत्मा)", यसप्रकार सम्झनु (आत्माकार वृत्ति) हो साधन।

प्रश्न—यो वृत्ति ब्रह्माकार वृत्तिदेखि भिन्न हो कि ?

उत्तर—भिन्न हो। चित्तको सद्भाव रहनु सम्म यसलाई आत्माकार वृत्ति भनेको छ। चित्त जब सारा वृत्ति-रहित भएर विद्यमान रहन्छ, तब अद्वितीय आफ्नो वास्तव ब्रह्मस्वरूपको स्वतः अनुभव भइरहन्छ। यसप्रकार अनुभवको साधन हो ब्रह्माकार (अखण्डाकार) वृत्ति। यो चित्तको वृत्ति (परिणाम) हैन, यो हो केवल सारा वृत्तिरहित चित्तको वर्ताव मात्र।

प्रश्न—यो भेद स्पष्ट रूपले बताउनुहोस्।

उत्तर—जबसम्म साक्षी विद्यमान रहन्छ तबसम्म आत्माकार वृत्ति—आफ्नो साक्षिस्वरूपको अनुभव (ध्येयाकार वृत्तिप्रवाह किम्वा सविकल्प समाधि)—चलिरहन्छ। यो हो ज्ञाननिष्ठा (गीता १८।५३)। गीताभृत पृ० ६०६–७ हेर।

प्रश्न—ब्रह्माकार वृत्ति कहिले उदित हुन्छ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तर—सविकल्प समाधिको अभ्यास परिपक्व भए वृत्तियुक्त चित्त ब्रह्मस्वरूपले अवस्थान गर्दछ, (वृत्तिलाई परित्याग गर्दछ)। गीता १८।५३ फेरि हेर। अहिले चित्तवृत्ति उठ्दैन। त्यसकारण साक्षिभावको विलय भैहाल्छ। केवल ब्रह्म स्वयं प्रकाशित रहन्छ। आफ्नो ब्रह्मस्वरूपको स्वतः अनुभव भैरहन्छ। यो हो ज्ञानको परा-निष्ठा (गीता १८।५०)।

प्रश्न—गीताको ज्ञानको परानिष्ठालाई अरू शास्त्रमा के भनेकोछ ? यस्तो निष्ठा विना पनि मुमुक्षु ज्ञानी हुन सक्छ ?

उत्तर—कहिले पनि सक्दैन। अरू शास्त्रमा यसलाई ब्रह्माकार वृत्ति किम्वा निर्विकल्प समाधि भनेको छ। ब्रह्मनिष्ठा हो ज्ञानी पुरुषको आफ्नो परिज्ञात ब्रह्म स्वरूपमा सर्वदा र सहजरूपले स्थिति (रिड़ी पीठको आचार्यको यसप्रकार स्थिति चाहिन्छ)।

प्रश्न—निर्विकल्प समाधिमा ब्रह्मस्वरूपको अनुभवमा साधन के हो ?

उत्तर—साधन हो अखण्डाकार वृत्ति। वृत्तिशून्य चित्तको ब्रह्मरूपले स्थिति हो निर्विकल्प समाधि (गीता १८।५५ हेर)।

प्रश्न—भूमिका (३) कसरी मिल्छ ?

उत्तर—गीता १८।५१–५४ हेर। मनन द्वारा बुझ। त्यस पछि गीता १८।५५ आउँछ। तत्वज्ञान प्राप्त हुन्छ। यसरी आफ्नो वास्तव स्वरूपको अनुभव (ज्ञाननिष्ठा) को निम्ति अभ्यास (प्रयत्न) सधैं गरिरहनु पर्दछ। कहाँ सम्म ? जब सम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन (चित्त) पग्लेर जाँदैन। ज्ञाननिष्ठा किम्वा निदिध्यासन गरिरहनु पर्दछ।

प्रश्न—निद्रिध्यासन क्रिया हो कि ?

उत्तर—हैन। यो हो **मनका वृत्तिहरूको परित्याग मात्र।** पहिले वृत्तिहरूको साक्षी भएर रहनु। त्यस पछि निर्विषय चैतन्य रूपले स्थित रहनुको अभ्यास गर्नु। यो हो गीता १८।५३। ज्ञानी पुरुष अभ्यास विना आफ्नो वास्तव स्वरूपमा सहज रूपले बसिरहनु हुन्छ।

प्रश्न—अष्टावक्र त यसप्रकार लाँवो बाटो बताउनु भएन।

उत्तर—उत्तम अधिकारीको लागि अष्टावक्रले सारा संकल्पको (वाँझीको छोरालाई परित्याग गर्नु झैं) परित्याग गर्न बताउनुभएको छ। अधिकारि-भेदले बाटो लाँवो किम्वा छोटो देखिन्छ। बाटो एकै हो।

प्रश्न—हामीले के गर्नु पर्छ ?

उत्तर—"म मनको साक्षी हैन, म हुँ केवल अखण्ड चैतन्य वस्तु" यसप्रकार अखण्डकार वृत्ति (निर्विकल्प समाधि) को अभ्यास गर्नु पर्छ। त्यस पछि वृत्ति पनि हराइहाल्छ। जस्तो कतक रेणु पानीलाई सफा तुल्याएर आफू पनि हराइहाल्छ, ज्ञानेश्वर बाँकी रहन्छ।

प्रश्न—निष्कर्ष के भयो ?

उत्तर—वेदको सम्पूर्ण ज्ञान काण्ड हो ध्यान र समाधिरूप र त्यो आधारित छ तीन प्रकार वृत्तिरूप साधन माथि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्न—यो स्पष्ट गरेर बताउनुहोस् ।

उत्तर—तीन प्रकारको वृत्तिलाई जानेर पूरा अभ्यास गरे मात्र ज्ञान परिपक्व हुन सक्छ । ध्यान हो आफ्नो ब्रह्म स्वरूपको अनुभव (ज्ञानको परानिष्ठा गीता १८।५०) । यसैको नाम हो **ब्रह्माकार वृत्ति** । यसको पहिलेको भूमिका हो साक्षी स्वरूपको अनुभव (**आत्माकार वृत्ति**) । **समाधि** हो ब्रह्माकार वृत्तिको विस्मरण (ब्रह्माकार वृत्तिको भङ्ग किम्वा ब्रह्मात्मिका वृत्ति) ।

प्रश्न—यो तीन प्रकारको वृत्तिको बारेमा संक्षेपले बताउनुहोस् ?

उत्तर—पहिले विषयको अनुसन्धानबाट रहित भएर साक्षी स्वरूपलाई समातिराख्नु । यसको साधन हो—(१) आत्माकार वृत्ति किम्वा निर्विकार वृत्ति । त्यसपछि (२) ब्रह्माकार वृत्ति (अखण्डाकार वृत्ति) । अन्तमा (३) ब्रह्माकार वृत्तिको विस्मरण (वृत्ति भङ्ग किम्वा ब्रह्मात्मिका वृत्ति) । यसैलाई ज्ञान भनेको छ ।

(कम से कम पन्ध्र पटक आवृत्ति गर्नु । यत्ति हो ज्ञानको रहस्य कुरा) ।

आशीर्बाद लेऊ, धर्मनिष्ठहरूलाई पनि दिनु

क्षितीशचन्द्र चक्रवर्ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विक्रम सम्बत् २०२९ साल पौष २५ गते देखि
"तारक" भवन रिड़ो थोर्गामा अद्वैत संस्था
लुम्बिनी अञ्चल कार्यालयको तत्वाव-
धानमा भएको बृहत् सत्संग
समारोहलाई दिइएको

शुभ कामना

●

तातो पानी जस्तो चिसो हुन खोज्दछ, माछाले जस्तो पानीको इच्छा गर्छ, त्यस्तै तिमी म पनि आफ्नो वास्तव सुख स्वरूपलाई सधैं खोजिराखेका छौं। जाग्रत स्वप्नमा शरीर सित मिलीकन घेरै प्रकारको दुःखको अनुभव गरिराख्छ, त्यसकारण सुषुप्तिमा पुगेर मात्र (दुई शरीरलाई छोडेर मात्र) आफ्नो स्वरूप सुखलाई पाउन खोज्दछ।

सुषुप्तिको बेलामा कुनै चिन्ता, पीर, डर रहँदैन। त्यसवेला केवल आत्म-सुखको अनुभव हुन्छ। यसबाट बुझिन्छ कि शरीर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदि अनात्मा वस्तुको अभाव भए मानिस सुख सित (मजा सित) बाँचिरहन्छ।

त्यसोभएको हुनाले सुख तिमी देखि कुनै भिन्न वस्तु हैन। सुख यदि भिन्न वस्तु हुने थियो तब सुषुप्ति बेलामा सुखको अनुभव हुनसक्ने थिएन। शरीर, मन, बुद्धि केही पनि जब रहँदैन, तब तिमी कसरी बाँचिरहन सक्छौ र सुखको पनि अनुभव गर्छौं ? यसको जबाफ यो हो कि—तिमी हौ प्रकाशमान वस्तु; र फेरि तिमी ह्वौ सर्वदा विद्यमान वस्तु। अर्थात् जब जगत् अलिकति पनि रहँदैन, जब शरीर आदि कुनै वस्तु भास्दैन, तब पनि तिमी बाँचिरहन्छौ। त्यसो नभए "जगत्को भान थिएन" भनी कसलाई थाहा हुने थियो ?

सुषुप्ति दृष्टान्त द्वारा—तिम्रो सुखरूपता, तिम्रो सर्वदा विद्यमानता र प्रकाशरूपता—यसप्रकार तिम्रो एकनास स्वभाव देखियो।

यो तिम्रो वास्तव स्वभावलाई तिमीले ऐले बिर्सिसकेका छौ। तिम्रो यो सदा प्राप्त स्वभावलाई तिमी फेरि याद गरेपछि (अनुभव गरेपछि) तिम्रो एक छिनको लागि सुषुप्ति दशा प्राप्त हुन्छ र तिमी मिथ्या जगत्को कुनै पदार्थको लागि इच्छा गर्दैनौ, किनकि जगत् भए सदा रहिरहने थियो।

यो जो जगत् देखिन्छ यो मायाबाट बनेको हो, त्यसकारण यो हो मिथ्या। तिम्रो शरीर सारा पदार्थ र पदार्थसंग तिम्रो संयोग वियोग (जस्तो स्वप्न कालमा कुनै कोशिस विना देख्नमा आउँछ, त्यस्तै) ऐले जाग्रतमा प्रारब्ध कर्मको वलले बनिरहन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी शरीर धारण, पालन, पोषणको लागि कुनै आयास चाहिंदैन । कुनै इच्छा खड़ा गर्नुको आवश्यक छैन । तिम्रो जिन्दगी-को सारा घटना (संयोग, वियोग, नाफा, नोक्सान, मान, अपमान, धनीपन, गरीबपन, सुख, दुःख सारा), प्रारब्धानुसार घटिहाल्छ। यो सारा हो माया भित्रको कुरा । वास्तवमा मिथ्या ।

मिथ्या वस्तुको परित्याग भए—जगत् पदार्थको लागि मनमा कुनै प्रकार इच्छा उठ्न नपाए तिमी सधैं सुषुप्ति दशाको अनुभव गर्न सक्छौ । देख्दाखेरि तिमी जागा भए पनि वास्तवमा तिमी सर्वदा सुषुप्त रहन्छौ । यो जाग्रत सुषुप्तिमा (आफ्नो सर्वदा प्राप्त स्वरूप सुखको सहज अनुभवमा) स्थित हुनु हो ज्ञानी पुरुषको लक्षण ।

ब्रह्मनिष्ठ सन्त महात्मा आफू सजिलो संग स्वरूप सुखमा स्थित रहनु हुन्छ; र उहाँको देहादि संघात (शरीर, मन, बुद्धि, अहंकार) प्रारब्धवशात् व्यवहारमा रत रहन्छ । आकाश जस्तो आकाशको निजी स्वरूपमा स्थित रहन्छ त्यस्तै "तारक" भवन रिडी संग सम्पर्क जोड़ने भाग्यवान् तिमीहरू केवल इच्छा मात्रको परित्याग-बाट—फल्न सुल्न सक्छौं । तिमीहरू यसरी मनमा व्यर्थ इच्छा नउठाएर आफ्नो सनातन सुख स्वरूपमा सजिलोसंग स्थित रहीकन प्रारब्ध अनुसार व्यवहार गरिराख ।

ख्याल राख कि संसारमा अवस्थान कालमा **"इच्छाको परित्याग" मात्र हो "तारक" मन्त्र ।** यसलाई आलम्वन गरीकन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिमीहरू जीवित दशामा चिर सुखी (विदेह मुक्त) बनिहाल। यो हो पुण्य "तारक" भवन रिडी समारोहको उद्देश्यमा मेरो शुभ कामना।

क्षितीशचन्द्र चक्रवर्ती
मार्ग २२, २०२९
कलकत्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः		

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनमोल उपदेश

"दुःखको कारण चिताउनु नै हो। ज्ञानी कुनै कुरा चित... त्यसैले ज्यादै सुखी हुन्छ। अहंकार र मन नष्ट भए विना कृत-कृत्यता प्राप्त हुँदैन। आफ्नो स्वभावलाई समातेर बसिदिनु, ज्ञान र जन्ममा हुन्छ। अनात्मचिन्तनको क्षण-क्षणमा परिवर्जन गर्नु-। यस्तो अभ्यास मुमुक्षुको लागि अत्यन्त आवश्यक छ। वासना नमेटिए सम्म दुःख मेटिदैन। ब्रह्मज्ञान-जन्य संस्कार हो जगत्को मिथ्यात्व-प्रतीतिमा साधन। ब्रह्मानुभवको क्रम हो— (१) अहंकारलाई जानेर त्यसको परित्याग, (२) अहंकार-वर्जित साक्षिरूप... (३) प्रत्यक्परात्क्व भेद-वर्जित निर्विभाग ब्रह्मस्वरूपको अनुभवपर्वक ब्रह्मस्वरूपमा स्थिति।

साक्षी स्वरूपदेखि अतिरिक्त कल्पना गरेमा नै संसाररूप महा-दुःख उदित हुन्छ र साक्षीस्वरूपमा निरन्तर स्थि... रूप ... हुन्छ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu